# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा विकासको आधारभूत जग हो । सचेत, सक्षम र समुचित नागरिक निर्माण गर्ने प्रमुख कारक नै शिक्षा हो । शिक्षाले आर्थिक सामाजिक सुदृढिकरणका लागि आधारभूत जीवन सीप, ज्ञान तथा अनुभव जन्य क्षमता हासिल गर्न सहयोग पुऱ्याउदछ । शिक्षाले व्यक्तिको व्यक्तित्व विकास गर्नुको साथै मुलुकको निम्ति अपरिहार्य, उत्पादनशील, अनुशासित, देशभक्त र चरित्रवान नागरिक उत्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । व्यक्ति, समाज, राष्ट्र र समस्त विश्वकै विकासमा शिक्षाको सर्वोपरी महत्व रहेको हुन्छ । त्यसैले हाम्रो देशमा पनि चौतर्फी विकासका लागि शिक्षालाई प्रमुख माध्यमको रुपमा लिइएको छ ।

शिक्षाको समान वितरण र विकासले मात्र कुनै पनि राष्ट्र समानुपातिक विकासका लागि अग्रसर हुन सक्दछ । तर शिक्षाको असमान वितरण एवम् विकास भएकोले देशका सवै जातजाती वर्ग र वर्णका मानिसहरू शिक्षाको पहुँचमा पुग्न सेकेका छैनन् । त्यसैले शिक्षालाई सवैको पहुँच योग्य वनाउनका खातिर नेपालको शैक्षिक इतिहासमा विभिन्न प्रयासहरू भएको पाइन्छ । विगतका दशकहरूमा नेपालले शिक्षा क्षेत्रमा उल्लेख्य प्रगति हाँसिल गरेता पनि वस्तुत : समग्र राष्ट्रको साक्षरता निकै कमरहेको स्थिति छ भने अर्कातर्फ सीमान्तकृत वर्गको साक्षरता अन्य वर्गको तुलनामा अत्यन्त कम छ । जवसम्म सीमान्तकृत वर्गलाई शिक्षाको मूल प्रवाहमा ल्याई समान रुपमा लाभवान्वित तुल्याउन सकिदैन तवसम्म सचेत, समुन्नत र सुसंस्कृत समाजको परिकल्पना गर्न सकिदैन (शिक्षा विभाग, २०६४) ।

शिक्षाको असमान वितरणले गर्दा सामाजिक तथा आर्थिक विषमता पनि वढ्दै जाने सम्भावना प्रवल भएकोले हालका वर्षहरूमा शिक्षामा समानता, निष्पक्षता र सहज पहुँच जस्ता कुराहरू जल्दोबल्दो रुपमा उठरहेका छन् । सवैको लागि शिक्षा र विकासको निम्ति शिक्षा भन्ने अवधारणालाई आत्मसात गरी शिक्षालाई राष्ट्रको यथार्थता सँग गाँसेर उपलब्ध स्रोत र साधनको समुचित प्रयोगबाट मात्र मुलुकको विकासलाई अघि बढाउन सकिन्छ । हाम्रो नेपाल जस्तो विकासोन्मुख देशका लागि शिक्षाको माध्यमद्वारा गरिबी निवारण गर्न खास गरी शिक्षाको पहुँच र गुणस्तरका पक्षमा सम्वोधन गर्नेगरी विविध शैक्षिक कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । जवसम्म शिक्षाको पहुँच सवै वर्ग र समुदायसम्म पुऱ्याउन सकिदैन तवसम्म शिक्षामा समानता र गुणस्तरीयता भन्ने कुरा केवल कोरा नारा

मात्र सावित हुन पुग्दछ तसर्थ संसारभरि नै शिक्षामा पहुँच र गुणस्तर सम्वन्धि मुद्धाहरूलाई सम्वोधन गर्न आ-आफ्नै परिवेश अनुसारका विविध प्रयासहरू जारी रहेका छन् । नेपालकै सन्दर्भमा सवैलाई शिक्षाको मूल प्रवाहमा समाहित गर्न विभिन्न शैक्षिक योजना र कार्यक्रमहरू लागु गरिएका छन् । यस्ता कार्यक्रमहरू मध्ये छात्रवृत्ति कार्यक्रम पनि एक हो । यस कार्यक्रमका स्वरुप र प्रकृतिहरू पनि फरक फरक रहेका छन् । त्यस्तै स्वरुप मध्ये सीमान्तकृत छात्रवृत्ति सीमान्त गरीबीका रेखामुनि रहेका सामुदायिक विद्यालयमा अध्ययनरत बादी, मुसहर, चेपाङ्ग, राउटे, डोम, दुसाद, बनकरिया, कुसुन्डा, हायु, किसान, कुसवाडिया, लेप्चा, मेचे, राजी, सुरेल, बरामु, बोटे, दनुवार, धानुक झागड, लोहमी, माझी, सतार (सन्थाल), सियार, थामी, थुडाम परिवारका विद्यार्थीहरूलाई अनिवार्य समेटिने गरी उनीहरूलाई पोशाक पाठय्पुस्तक, कामी कलमको व्यवस्था गर्न यस्तो छात्रवृत्ती प्रदान गरिदै आइएको छ । (शिक्षा विभाग, कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६५) ।

नेपालको शैक्षिक इतिहास हेर्दा छात्रवृत्ति दिने व्यवस्थ धैरै पहिला देखिनै रहेको पाइन्छ । लेखनाथ पौडेलको शैक्षिक प्रकृया र नेपालमा शिक्षा, २०५५ नामक पुस्तक अनुसार पौराणिक कालदेखि नै कुनै न कुनै किसिमको छात्रवृत्तिको व्यवस्था रहेको देखिन्छ । पौराणीक कालमा गुरुकुलमा वसेर निःशुल्क शिक्षा लिने प्रचलन देखिन्छ भने लिच्छवी र मल्लकालमा पनि विभिन्न गुठीहरू सञ्चालन गरी शिक्षार्थीहरूलाई भोजन र आवासको व्यवस्था गरेको पाइन्छ । राणाकालमा संस्कृत शिक्षा गुठीद्धारा सञ्चालन भएको, वीर शमशेरले रानीपोखरी पाठशालाका १० जना राम्रो अंक ल्याउने विद्यार्थीहरूलाई छात्रवृत्ति दिई उच्च शिक्षाका लागि विदेश पठाएको, चन्द्र शमशेरले त्रि-चन्द्र कलेजमा र दरवार हाइस्कुलमा पढ्ने जेहेन्दार विद्यार्थीहरूका लागि ७०० र ३०० को कोष खडा गरी किताव र खाजा दिने व्यवस्था गरेको आदि कुरावाट राणा कालमा कुनै न कुनै रुपमा छात्रवृत्ति अस्तित्वमा रहेको देखिन्छ ।

२००७ सालपछि शिक्षा विकासका लागि विभिन्न आयोगहरू गठनभई जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था भइरहेको पाइन्छ । नेपालमा प्राथमिक तहको छात्रवृत्ति आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागु भएपछि भएको देखिन्छ । अद्यावधिक योजनाहरूमा शिक्षा मन्त्रालय अन्तर्गत विभिन्न छात्रवृत्तिको व्यवस्था भइरहेको पाइन्छ । विभिन्न सम्बद्ध नीति तथा कार्यक्रममा पनि कुनै न कुनै रुपमा छात्रवृत्ति प्रदान गरिने कुरा उल्लेख भएको पाइन्छ । सामुदायिक विद्यालयका प्रा. वि. तह, नि. मा. वि. तह तथा मा.वि. तहका

सीमान्त गरिवीको रेखा मुनी रहेका विद्यार्थीहरूलाई सीमान्तकृत छात्रवृत्तिको कार्यक्रम शैक्षिक वर्ष २०६५ देखि लागु भइरहेको छ ।

## १.२ समस्याको कथन

सन् २०१५ सम्ममा निःशुल्क एवम् अनिवार्य प्राथमिक शिक्षा उपलब्ध गराउने प्रतिवद्धता राष्ट्रले "सवैका लागि शिक्षा" को अन्तराष्ट्रिय सम्मेलनमा गरिसकेको छ । सो प्रतिवद्धता अनुरुप पिछडिएका वा सीमान्तकृत वर्गसम्म शिक्षाको अवसर पुऱ्याउन विभिन्न कार्यक्रमहरू संचालन भइरहेको छन् । त्यस्तै माध्यमिक तहका लागि "माध्यमिक शिक्षा सहयोग कार्यक्रम" अन्तर्गत फरक फरक किसिमका छात्रवृत्ति कार्यक्रमको व्यवस्था गरिएको छ । सामुदायिक विद्यालयका बालबालिकालाई प्रदान गरिएका यस्ता विविध प्रकृतिका छात्रवृत्ति कार्यक्रम सम्वन्धमा केही अध्ययन अनुसन्धान नभएका पनि होइनन् । शैक्षिक अनुसन्धान विकास केन्द्र (सेरिड) ले सन् १९९८ मा आधारभूत शिक्षामा महिला तथा छात्राहरूको सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन, योजनाको मूल्याङ्कन तथा पुनरावलोकनमा एउटा अध्ययन गरेको थियो । यसै शीर्षकमा दोस्रो चरण भनी सुविधाविहीन बालबालिका तथा छात्राका लागि छात्रवृत्ति कार्यक्रमको प्रभावकारीता शीर्षकमा अर्को एक अध्ययन गरेको थियो । उपर्युक्त अध्ययनमा तत्कालिन अवस्थामा सञ्चालित छात्र छात्राहरूलाई प्रदान गरिएका अन्य प्रकृतिका छात्रवृत्ति कार्यक्रमहरूको फाइदा र प्रभावकारितालाई मात्र सामान्यरुपमा समेटेको पाइन्छ । सामुदायिक विद्यालयको सीमान्तकृत बालबालिकाका लागि यति ठूलो प्रोत्साहित कार्यक्रमलाई आधार वनाएर अहिले सम्म अध्ययन अनुसन्धान गरेको तथ्य फेला परेको छैन । त्यसैले सामुदायिक विद्यालयमा वितरण गरिने सीमान्तकृत छात्रवृत्तिको स्वरुप कस्तो छ ? सीमान्तकृत छात्रवृत्ति कार्यक्रमले सिकाइ उपलव्धिमा कस्तो प्रभाव परेको छ ? सीमान्तकृत छात्रवृत्ति पाउन थालेपछि सिकाइ उपलब्धिमा कति भिन्नता आएको छ ? सीमान्तकृत छात्रवृत्ति विवरणसँग सम्वन्धित समस्याहरू के के रहेका छन् ? भन्ने प्रश्नहरूमा केन्द्रित रही अध्ययन कार्य अघि वढाइएको छ ।

## १.३) अध्ययनको औचित्य

यस अध्ययनवाट सीमान्तकृत छात्रवृत्ति कार्यक्रमको कार्यान्वयन पक्षको यथार्थ चित्रणले यस कार्यक्रमको मूलमर्मको वोध सम्वन्धित सीमान्तकृत वर्ग, छात्रछात्राहरू, शिक्षक, प्र. अ., वि. व्य. स., शिक्षक, अभिभावक संघ तथा अभिभावकहरूलाई सहयोग प्रदान गर्नेछ ।

सीमान्तकृत छात्रवृत्ति कार्यक्रम कार्यान्वयन समवन्धि कमीकमजोरीहरू हटाउन सम्वन्धित निरीक्षण क्षेत्रका खासगरी विद्यालय निरीक्षक, स्रोत व्यक्ति एवम् अन्य सरोकारवालाहरूलाई अनुगमन गर्ने आधार प्रदान गर्नेछ। यस कार्यक्रमसँग सम्वन्धित सवल एवम कमजोर पक्षहरूको पहिचान गरी सीमान्तकृत छात्रवृत्ति सम्वन्धि प्रभावकारी नीति निर्माण गर्न, शिक्षा योजनाकार, नीति निर्माता, दातृनिकाय एवम् सम्वद्ध सरोकारवालाहरूलाई महत्वपूर्ण आधार तथा सूचनाहरू प्रदान गर्नेछ। प्रत्येक जिल्ला शिक्षा कार्यालयहरूलाई स्रोतकेन्द्र स्तरीय वार्षिक शैक्षिक कार्यक्रमको प्रवोधीकरण अन्तर्गत सीमान्तकृत छात्रवृत्ति सम्वन्धि शीर्षकमा छलफल चलाउन थप आधारहरू प्रदान गर्छ। साथै सीमान्तकृत छात्रवृत्ति सम्वन्धि अहिले सम्म भएगरेका प्रयास, अभ्यास र प्रगतिवारे सम्वद्ध पक्षहरूलाई जानकारी गराउनेछ। हरेक अनुसन्धानमा कुनै अर्थपूर्ण समस्या समाधान गर्नु, नयाँ तथ्य र सिद्धान्त प्रतिपादन गर्न खोजिएको हुन्छ। यसै तथ्यलाई ध्यानमा राखेर सामुदायिक विद्यालयमा प्रदान गरिने सीमान्तकृत छात्रवृत्तिले विद्यार्थीको सिकाइ उपलब्धिमा पार्ने प्रभाव वा असरका वारेमा अध्ययन वा विश्लेषण गर्नु नै यस अध्ययनको मुख्य औचित्य रहेको छ।

## १.४) अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्न लिखित रहेका छन् :

क) सीमान्तकृत छात्रवृत्ति वितरणको अवस्था लेखाजोखा गर्ने ।

ख) सीमान्तकृत छात्रवृत्तिले सिकाई उपलब्धिमा पारेको प्रभावको विश्लेषण गर्ने।

ग) सीमान्तकृत छात्रवृत्ति कार्यक्रमका समस्याहरू पहिचान गर्ने।

घ) सीमानतकृत छात्रवृत्तिलाई प्रभावकारी बनाउने उपायहरूको खोजी गर्ने।

## १.५) अनुसन्धानात्मक प्रश्नहरू

यस शोधअध्ययनका लागि निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरू तयार पारिएका छन् :

क) सीमान्तकृत छात्रवृत्तिको वर्तमान अवस्था कस्तो रहेको छ ?

ख) सीमान्तकृत छात्रवृत्तिले सिकाई उपलब्धिमा कस्तो प्रभाव पारेको छ ?

ग) सीमान्तकृत छात्रवृत्ति कार्यक्रममा के कस्ता समस्याहरू रहेका छन् ?

घ) सीमान्तकृत छात्रवृत्ति कार्यक्रमका समस्याहरूलाई कसरी समाधान गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

प्रस्तुत अधययनमा सीमित स्रोत, साधन र समयको कारण नेपाल भित्रका विभिन्न तहमा लागु भएका छात्रवृत्ति मध्ये पनि प्राथमिक तहको सीमान्तकृत छात्रवृत्तिलाई अध्ययनको सीमा भित्र समेटिएको छ। प्राथमिक तहमा छात्रवृत्तिका विभिन्न कार्यक्रमहरू अधिराज्यका प्राय सवै जिल्लामा लागु भएको भएतापनि यस अध्ययनमा झापा जिल्लाको तोपगाछी स्रोतकेन्द्रका विद्यालयलाई केन्द्रविन्दु वनाइएको छ। यस श्रोतकेन्द्र भित्रपर्ने २७ वटा समूह विद्यालय मध्ये सामान्य सम्भावनायुक्त नमुना छनौट अनुसार तोपगाछीवाट २ वटा, धरमपुरवाट २ वटा र लखनपुरवाट २ वटा सामुदायिक विद्यालयलाई अध्ययनमा समेटिने छ। यस अध्ययनका प्रमुख आधारहरू विद्यालयको अभिलेख, प्रधानाध्यापक, शिक्षकशिक्षिका एवम् अभिभावकहरूसँगको अन्तर्वार्ता, प्रश्नावली छलफल र तथ्याङ्कहरूलाई मानिएको छ।

सीमित श्रोतसाधन र समयको सीमाभित्र रहेर गरिने यस अध्ययन कार्यले समग्र राष्ट्रको सामुदायिक विद्यालयमा प्रदान गरिने सीमान्तकृत छात्रवृत्तिले सिकाइ उपलब्धिमा पार्ने प्रभावको अध्ययनलाई समेट्ने नसकिने भएकाले यसलाई राष्ट्रभरी सामान्यीकरण गर्न सकिने छैन।

## १.७ सम्वन्धित शब्दावलीको परिभाषा :

| | | |
|---|---|---|
| सीमान्तकृत | : | सिमाको अन्त भएको वा वनाइएको |
| छात्रवृत्ति | : | विद्यार्थीहरूलाई विद्या आर्जन गर्नका निमित्त दिइने जीविकाको साधन |
| सामुदायिक विद्यालय | : | नेपाल सरकारवाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृती प्राप्त विद्यालय |
| स्रोतव्यक्ति | : | स्रोतकेन्द्र प्रमुख |
| स्रोतकेन्द्र | : | स्रोतकेन्द्र रहेको विद्यालय सहित स्रोतकेन्द्रको सेवा क्षेत्र भित्रका सबै विद्यालयहरूलाई जनाउने गरी प्रयोग गरिएको स्थान। |

# परिच्छेद दुई :

# सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका

यस परिच्छेदमा शोध अध्ययनका क्रममा आवश्यक व्याख्या विश्लेषण गर्नका लागि विभिन्न सिद्धान्तहरूलाई आधारका रुपमा लिइएको छ । यसका अतिरिक्त शोध शीर्षकसँग सम्वन्धित लेख, रचना अनुसन्धान प्रतिवेदनहरू, अनुसन्धानमूलक लेखहरूको पुनरावलोकन गर्ने प्रयास गरिएको छ ।

## २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

दुलाल (२०६७) ले तयार पार्नुभएको **दलित छात्रवृत्ति वितरणवाट गैर दलित विद्यार्थीहरूको सिकाइ उपलव्धिमा पारेको प्रभाव** शीर्षकको शोधपत्रमा दलित र गैह्र दलित विद्यार्थीहरूको कक्षागत र विषयगत सिकाई  उपलव्धि पत्ता लगाउने, छात्रवृत्ति वितरणमा भएको विभेदले उत्पन्न भएका समस्याहरूको समाधानका उपायहरूको खोजी गर्ने लगायतका उद्देश्यहरू समावेश गरिएको पाइयो । उहाँले छात्रवृत्ति वितरण जातीका आधारमा नगरी आर्थिक सामाजिक रुपमा पछाडि परेका विपन्न तथा गरिव परिवारका बालबालिकाहरूलाई प्रदान गरिनुपर्ने कुरा उल्लेख गर्नुभएको छ । उनले आफ्नो अध्ययनको निष्कर्षमा आर्थिक सामाजिक र राजनीतिक रुपमा निकै अगाडि रहेका कथित दलित जातिका बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गर्दा विपन्न परिवारका गैह्र दलित समुदायका बालबालिकाहरूमा मनोवैज्ञानिक, सामाजिक र संवेगात्मक असर पर्नगई उनीहरूको सिर्जनात्मकता, क्रियाशीलता र रुचीमा कमीआउने कुरा उल्लेख गरेका छन् ।  दलित र गैह्र दलित विद्यार्थीहरूको सिकाइ उपलव्धिमा प्रभाव पार्ने तत्वहरूमा चरम गरिवी, अशिक्षा अन्धविश्वास विद्यालयमा हुने राजनैतिक हस्तक्षेप , विद्यार्थीहरूको विद्यालयमा हुने नियमित अनुपस्थिति व्यवसाय आदि रहेको पाइन्छ । दलित र गैह्र दलित विद्यार्थीहरू वीचमा देखिएको छात्रवृत्ति वितरणको विभेदीकरणलाई समाधान गर्न विद्यालयमा विद्यार्थीको उपस्थिती , छात्रवृत्ति वितरण गर्दा वास्तविक रुपमा गरिव, असहाय, जेहेन्दार, लगनशील विद्यार्थीहरूको पहिचान गरी अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी लगायतका सम्पूर्ण सरोकारवालाहरूको सहमतिमा गर्नुपर्ने कुरा उल्लेख छ ।

कार्की (२०६५) ले **पृथ्वीनगर स्रोतकेन्द्रको प्राथमिक तहमा ५० % छात्रा छात्रवृत्तिले खुद भर्नादरमा पारेको प्रभाव** शीर्षकमा तयार पार्नुभएको शोधपत्रमा सो छात्रवृत्तिले खुद भर्नादरमा सकारात्मक प्रभाव पारेको कुरा उल्लेख गर्नुभएको छ । ५० % छात्रा छात्रवृत्तिको व्याख्या हुनुपूर्व प्राथमिक विद्यालय तहमा गरिव एवं पिछडिएका वर्गका बालबालिकाहरूको विद्यालयमा नियमित उपस्थिती एवं उपलब्धि स्तर न्यून रहेको तर सो छात्रवृत्तिको व्याख्या भएपश्चात छात्राहरूको नियमितता र उपलब्धि स्तरमा वृद्धि हुदै गइरहेको कुरा उल्लेख गरिएको छ । यसका अतिरिक्त यस छात्रवृत्तिले छोरा र छोरी वीचमा गरिने भेदभावलाई कमीगर्ने, गरिव र पिछडिएको वर्गलाई आर्थीक सहयोग उपलव्ध भएको छ । यसरी छात्राहरूलाई मात्र प्रदान गरिने छात्रवृत्तिले लैङ्गिक भेदभाव गराएको साथै जाति, भाषा, लिङ्ग, भाषाका आधारमा कुनैपनि नागरिकलाई भेदभाव नगरिने नीतिको विपरित रहेको कुरासमेत उल्लेख गरिएको छ ।

पौडेल (२०६६) का अनुसार सवैका लागि शिक्षा उपलव्ध गराउने अभियानको अवरोधका रुपमा रहेको निरक्षरता उन्मुलन गरी अनाथ, असहाय, गरिव, दलित, सडक बालबालिका, द्वन्द्वका मारमा परेका पिछडिएका एवम् सुविधाविहीन समुदायका बालबालिकाहरूलाई निशुल्क गुणस्तरीय शिक्षामा समाहित गर्न र सवै उमेर समुहलाई लैङ्गिक विभेदमुक्त किसिमले कार्यमूलक, जीवनोपयोगी र गुणस्तरीय शिक्षा प्रदान गर्न अपरिहार्य भएको छ । शिक्षामा दलित तथा पिछडिएका  समुदायको पहुँच वढाउन विभिन्न सुधारका प्रयासहरू भएतापनि यी प्रयासहरू पर्याप्त मात्रामा भएको पाइदैन । यसमा केवल सरकारको प्रयासमात्र नभई राष्ट्रिय अन्तराष्ट्रिय गैरसरकारी संघ संस्था एवम् अन्य निकाय लगायतका सवै क्षेत्रको सहयोग पनि उत्तिकै महत्वपूर्ण ठानिन्छ । शिक्षा स्वास्थ्य लगायतका क्षेत्रहरूमा सरकारको अलावा सवैको सामुहिक सहयोग भएको खण्डमा र राज्यका सवै अङ्गहरूमा सवै जातजातिको समान पहुँच तथा प्रतिनिधित्व मार्फत सामाजिक समावेशीकरण गर्दै लैजान सकेमा सवै जातजातिको पहुँच माथि उठाउन अवश्य नै सकिन्छ ।

वस्ती (२०६६) ले तयार पार्नुभएको **प्राथमिक शिक्षामा छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता** शीर्षकमा गरिएको अनुसन्धानमा प्राथमिक तहमा छात्रा छात्रवृत्तिले लक्षित समुदायका लागि वितरण गरिएको छात्रा छात्रवृत्तिले विद्यार्थीको नियमितता, छात्राहरूको कक्षोतीर्ण अवस्था र सिकाइ उपलब्धिमा पार्ने प्रभावको वारेमा अध्ययन गरीएको छ । प्राथमिक तहमा प्रदान गरिने छात्रा छात्रवृत्तिका कारण वालिकाहरूको भर्नादरमा वृद्धि भएको

छ । छात्रवृत्ति पाउनेहरूको विद्यालय नियमिता अन्यको तुलनामा केहि वढि रहेको पाइएको, कक्षा छोड्ने दरमा भने खासै सुधार नआएको पाइएको कुरा उल्लेख छ । त्यसैगरी छात्रवृत्ति प्राप्त नगर्ने छात्राहरू भन्दा प्राप्त गर्ने छात्राहरूको कूल औषत उपलब्धि ६ प्रतिशतले वढि छ । तर समग्रमा सिकाइ उपलब्धि भने त्यति राम्रो छैन । त्यसको मुख्य कारणमा पिछडिएको समुदाय तथा सुविधाविहीन र गरिव परिवारभएकाले खाने लगाउने कुरामा नै समस्या भएकाले अभिभावकहरूले आफ्ना बालबालिकाहरूलाई अध्ययन गर्ने उपयुक्त वातारवण प्रदान गर्न नसक्नु नै हो ।

पाण्डे (२०६३) ले तयार पार्नु भएको **वाग्लुङ्ग जिल्लामा प्राथमिक तहको छात्रवृत्तिले विद्यार्थीको नियमितता र उपलब्धीमा पारेको असर** शीर्षकमा गरिएको अनुसन्धानको मुख्य उद्देश्यहरूमा छात्रवृत्ति प्राप्त गर्नु अगािडि र प्राप्त गरिसकेपछिको विद्यालयमा उपस्थित हुने दर र शैक्षिक उपलब्धिमा पारेको प्रभाव रहेको पाइयो । उहाँले आफ्नो अनुसन्धानको प्राप्तिमा विद्यार्थी संख्याको आधारमा छात्रवृत्ति कोटा न्यून रहेको, छात्रवृत्ति वितरण गर्दा विद्यार्थी छनौट प्रक्रियामा एकरुपता नभएको, नयाँ भर्ना भएका विद्यार्थीहरूलाई कम प्राथमिकता दिइएको, छात्रवृत्तिको सदुपयोग राम्रोसँग भएको, छात्रवृत्ति वितरण पश्चात विद्यार्थी नियमिततामा सुधार आएको, शैक्षिक उपलब्धिमा समेत सुधार आएको, गृहकार्य र कक्षा सहभागितामा वृद्धि भएको, लगातार छात्रवृत्ति पाउनेहरूको विद्यालय छोड्ने दर शुन्य रहेको, सरकारी नीति अनुरुप छात्रवृत्ति कार्यक्रमहरू कार्यान्वयन नभएको लगायतका कुराहरू उल्लेख गर्नुभएको छ । उहाँले आफ्नो प्राप्तिमा भन्नु भएको छ विद्यालय नै पिच्छे छात्रवृत्ति वितरण गर्ने प्रक्रियामा फरक छ, छात्रवृत्तिले सकारात्मक असर पारेको, छात्रवृत्ति वापतको रकम सदुपयोग भएको छ । उहाँका अनुसार छात्रवृत्ति शैक्षिक सत्रको शुरुमा नै वितरण गर्नुपर्ने , आर्थिक रुपले विपन्न समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गरिनुपर्ने, छात्रवृत्ति वापतको रकममा वृद्धि गर्नुपर्ने लगायतका सुझाव प्रस्तुत गर्नुभएको छ ।

रावत (२०६३) ले तयार पार्नु भएको **प्राथमिक विद्यालय तहमा वितरित दलित छात्रवृत्तिको प्रभावकारिता** शीर्षकमा गरिएको शोधकार्यमा छात्रवृत्ति प्राप्त गरेका दलित विद्यार्थीहरूको विद्यालय नियमितता एवं कक्षा निरन्तरता पत्ता लगाउने, दलित विद्यार्थीहरूलाई वितरित दलित छात्रवृत्तिले पारेको प्रभावको विश्लेषण गर्ने लगायतका उद्देश्य राखिएको पाइयो । उहाँका अनुसार छात्रवृत्ति प्राप्त गरेपनि गैह्र दलितको तुलनामा दलित विद्यार्थीहरूको कक्षा

निरन्तरतामा कमि रहेको पाइयो । तर छात्रवृत्ति प्राप्त गर्नु अघि भन्दा उनीहरूको कक्षा निरन्तरतामा भने सुधार आएको पाइयो । उहाँले आफ्नो निष्कर्षमा दलित छात्रवृत्तिले बालबालिका तथा तिनका अभिभावकहरूमा सकारात्मक प्रभाव पारेको र उनीहरूले आफ्ना बालबालिकारुलाई विद्यालय पठाउन शुरु गरेको पाइएको कुरा उल्लेख गर्नुभएको छ ।

वस्नेत (२०६७) का अनुसार दलित छात्राहरूलाई दिइएको छात्रवृत्तिले उनीहरूको पठनपाठन प्रक्रियामा सकारात्मक प्रभाव पारेको छ । अधिकांश छात्राहरूले आफूले पाएको छात्रवृत्ति वापतको रकमले आवश्यक स्टेशनरी सामान किन्न खर्चगरेको पाइएको छ । केहि परिवारले भने सो रकम घरायसी काममा समेत खर्च गरेको अवस्था पाइएको कुरा उल्लेख गर्नुभएको छ । आर्थिक अवस्था कमजोर हुने परिवारका विद्यार्थीहरूका लागि छात्रवृत्ति कार्यक्रम प्रभावकारी साधनको रुपमा रहेको छ । छात्रवृत्ति प्राप्तगर्ने अधिकांश बालबालिकाहरूमा पढाइप्रति उत्साह थपिएको कुरा उल्लेख छ । यद्यपी अधिकांशले भने छात्रवृत्ति वापतको रकम कम भएको गुनासो गरेको कुरा उल्लेख छ । छात्रवृत्ति प्राप्तगर्ने अधिकांश बालबालिकाहरूले छात्रवृत्ति पाएकोमा सन्तुष्टि व्यक्त गरेका र यसले उनीहरूलाई आफ्नो अध्ययन कार्यमा उत्साह थपेको कुरा उल्लेख गरिएको छ ।

जोशी (२०६५) ले तयार पार्नुभएको **प्राथमिक तहमा छात्रवृत्ति वितराण कार्यक्रमको प्रभावकारिता** शीर्षकको शोधपत्रका अनुसार छात्रवृत्ति वापतको रकम बालबालिकाहरूको शिक्षामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा उपयोग गरिएको अवस्था छ । अधिकांश अभिभावकहरूले छात्रवृत्तिको रकमलाई आफ्ना बालबालिकाहरूको विद्यालय पेषाक, विद्यालय खाजा, झोला, कापीकलम किन्नमा खर्च गरेको, छात्रवृत्तिका लागि विद्यार्थी छनौट कार्यमा विद्यालय व्यवस्थापन समितिको सक्रिय सहभागिता नभएको, छात्रवृत्ति छनौटमा प्रधानाध्यापकको भूमिका वढि रहको, अभिभावकहरूको सहभागितामा कमी पाइएको, अभिभावकहरूलाई जानकारी नै नगराई लक्षित बालबालिकाहरूलाई भर्पाई गराएर छात्रवृत्ति जिम्मा लगाउने गरेको, छात्रवृत्ति निर्धारित समय र मितिमा वितरण नगरिएको कुरा उल्लेख गर्नुभएको छ । उहाँले आफ्नो  अनुसन्धानको निष्कर्षमा  छात्रवृत्ति कार्यक्रम त्यति प्रभावकारी वन्न नसकेको, प्रधानाध्यापकहरूले एकलौटी छनौट गर्ने परिपाटिको अन्त्य गरी सरोकारवाला, व्यवस्थापन समिति, शिक्षकलगायतको निर्णयवाट विद्यार्थीहरूको छनौट गरिनुपर्ने लगायत कुराहरू उल्लेख गर्नु भएको छ ।

## २.२. अध्ययनको सैद्धान्तिक खाका

यस शोध अध्ययनको उद्देश्य प्राप्तीका लागि शोध कार्यलाई वस्तुगत तथा व्यवहारिक रुपमा अगाडि वढाउन अध्ययनको विषय प्रकृति क्षेत्रको गाम्भिर्यतालाई मध्यनजर गर्दै मास्लो ( )को आवश्यकताको सिद्धान्त र हर्जवर्ग (१९५०) को उत्प्रेरणको सिद्धान्तको आधारभूत मान्यतालाई प्रयोग गरिएको छ ।

अब्राहम मास्लो (१९४३) ले आवश्यकताको सिद्धान्तमा भनेका छन्, मानिसमा प्रशस्त इच्छा, आवश्यकता र चाहना हुन्छन् । मानिसका कुनै चाहना पूरा हुन सक्छन् तर चाहना र आवश्यकत्ताको पूर्णता भने कहिल्यै हुँदैन, जुन प्राप्तिका लागि मानिस उत्प्रेरित भइरहन्छ । मानिसमा अप्राप्त चाहना पनि अनगिन्ति हुन्छन् । जसलाई एक क्रमवद्धताको आधारमा छुट्याउन सकिन्छ । निम्न स्तरका धेरै आवश्यकता परिपूर्तिका लागि मानिस उत्प्रेरित हुँदै जान्छ भन्ने धारणा उनको रहेको छ । उनले मानिसका शारिरिक आवश्यकताबाट सुरक्षात्मक आवश्यकता, सामाजिक आवश्यकता, स्वभिमानको आवश्यकता, आत्म सन्तुष्टिको आवश्यकता सम्म पाँच श्रोणीमा आवश्यकताको क्रमवद्ध श्रेणी निर्धारण गरेका छन् । (शर्मा एण्ड शर्मा, २०६१) ।

विद्यालय क्षेत्रका त्यस माथि पनि सीमान्तकृत वर्गका छात्राछात्राको अनगिन्ती आवश्यकताहरू हुन्छन् । यस्ता वर्गको शिक्षामा पहुँच पुग्न नसक्नुमा उनीहरूले न्यूनतम आधारभूत वस्तु तथा सेवा प्राप्त गर्न नसक्नु हो । किनभने पछडिएका सीमान्तकृत वर्गका अभिभावकहरूले आफ्नो खाना, कपडा, वास आदिको उचित व्यवस्थागर्न नसक्नाले ती आवश्यकतालाई पूरा गर्नेतिर लाग्नु पर्ने भएकाले उनीहरूले आफ्ना बालबालिकाहरूका लागि न्यूनतम भएपनि शिक्षाको अवसर दिन तिर अग्रसर हुन सकेको पाइदैन । तसर्थ आवश्यकत्ता सम्वन्धि माश्लोको यो सिद्धान्तले पिछडिएका सीमान्तकृत समुदायका बालबालिकाहरूका आवश्यकता पूरा गरी विद्यालय शिक्षा प्रति आकर्षण कति मात्रामा गरिरहेको छ भनी परिमाणात्मक तथा गुणात्मक सत्य तथ्यको आधारमा विश्लेषण गर्ने आधारको रुपमा लिइएको छ ।

फेडरिक हर्जवर्ग (१९५०) का अनुसार मानिसलाई काम गर्नका लागि दुईवटा तत्वले प्रभाव पारिरहेको हुन्छ । आरोग्य तत्वले काम गर्ने व्यक्तिहरूमा रहेका असन्तुष्टिलाई हटाउने र असन्तुष्टि आउन नदिने कार्य गर्दछ । यसले व्यक्तिमा असन्तुष्टि आउन दिदैन ।

कर्मचारीहरूमा नकारात्मक विन्दुको उत्प्रेरणा शुन्यमा झारिदिन्छ । काम गर्ने वातावरण अनुकूल नभएसम्म व्यक्ति उत्प्रेरित हुदैन । आरोग्य तत्व अन्तर्गत नीति, नियम र प्रसासन, ज्याला तलव र सुविधाहरू, सुपरिवेक्षण, सहकर्मीहरू वीचको सम्वन्ध र कार्य वातावरण, व्यक्तिगत जीवन र सुरक्षा जस्ता कुराहरू पर्दछन् । उनका अनुसार उत्प्रेरणा तत्वले काम गर्ने व्यक्तिलाई मनोवल, सन्तुष्टि, कार्यकुशलता, उत्पादकत्व, नाफा जस्ता तत्वहरूले सकारात्मक प्रभाव पारी काममा जाँगर ल्याइदिन्छ । उनका अनुसार मान्यता तथा पहिचान, उपलब्धि, चुनौतिपूर्ण काम, उत्तरदायित्व, व्यक्तिगत वृत्ति जस्ता तत्वहरूले उत्प्रेरित गर्दछ फलस्वरुप परिणाम राम्रो आउँछ (काफ्ले र पौडेल, २०६४) ।

सीमान्तकृत समुदायका अधिकांश अभिभावकहरू आर्थिक रुपले विपन्न छन् । उनीहरूमा आफ्ना बालबालिकाहरूलाई विद्यालय पठाउनका निम्ति आवश्यक पर्ने सामग्रीहरू जुटाउन समेत समस्या भएको पाइन्छ । यस्तो अवस्थामा सीमान्तकृत समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गर्दा उनीहरूमा हौसला तथा उत्प्रेरण पैदा हुन्छ । बालबालिकाहरू अध्ययनका निम्ति आवश्यक पर्ने शैक्षिक सामग्रीहरू लिएर विद्यालय जाँदा उनीहरूमा मनोवल वढ्नुको साथै सन्तुष्टि प्राप्त हुन्छ । यसरी शैक्षिक सामग्री नै जुटाउन नसकेर विद्यालय नगएकाहरू आवश्यक सामग्री प्राप्त गरेपछि उत्प्रेरित हुदै अध्ययन कार्यमा लाग्ने भएकाले उनीहरूको शैक्षिक उपलब्धिमा समेत वृद्धि हुने गर्दछ ।

## २.३) पुनरावलोकनको उपादेयता

आवश्यकताको सिद्धान्तका अनुसार मानिसका आधारभूत आवश्यकताहरू पुराभएपछि मात्र उ अन्य कुराहरू परिपूर्ति गर्ने कार्यमा अग्रसर हुन्छ । सीमान्तकृत समुदायका बालबालिकाहरूमा खाने लगाउने कार्यमा नै समस्या भइरहेको सन्दर्भमा अध्ययन कार्यले निरन्तरता नपाउने गर्दछ । यस समूदायका बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गर्दा उनीहरूका अभिभावकहरूलाई आफ्ना बालबालिकाहरूको पढाइ खर्च जुटाउन सजिलो हुन्छ । उत्प्रेरणाको सिद्धान्तले काम गर्ने व्यक्तिहरूमा मनोवल सन्तुष्टि, उपलब्धिमा सुधार ल्याउन मद्धत गर्दछ । सीमान्तकृत समूदायका बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गर्दा उनीहरूमा अध्ययन कार्यप्रति हौसला तथा उत्प्रेरणा पैदा हुने गर्दछ । जसले उनीहरूको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्दछ । विभिन्न व्यक्तिहरूले गरेको अध्ययन अनुसन्धानमा छात्रवृत्तिले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पारेको, उनीहरूलाई

अध्ययन कार्यमा आवश्यक पर्ने सामग्रीहरूको व्यवस्थापन गर्न सहज भएको, छात्रवृत्ति वितरणमा विभिन्न प्रकारका समस्याहरू रहेको कुराहरू उल्लेख छ । ती साहित्यहरूको निष्कर्षमा छात्रवृत्ति वितरण कार्यलाई अझ प्रभावकारी र व्यवस्थित वनाउदै लैजान सकेमा विद्यालय तहका बालबालिकाहरूलाई आफ्नो अध्ययन कार्यमा सहयोग पुग्ने कुरा उल्लेख छ । यस अध्ययनमा प्रयोग गरिएका सिद्धान्त र साहित्यहरूको पुनरावलोकनवाट अध्ययनको निष्कर्षलाई व्याख्या तथा विश्लेषण गर्न सहयोग पुऱ्याएका छन् ।

यस अध्ययनवाट सीमान्तकृत समुदायका बालबालिकाहरूलाई प्रदान गरिदैआएको छात्रवृत्तिको अवस्थाका वारेमा जानकारी हासिल हुनेछ । छात्रवृत्तिले विद्यार्थीहरूको सिकाई उपलव्धिमा कसरी प्रभाव पारेको छ भन्ने कुराको विश्लेषण गरिएकाले सो वारेमा सम्वन्धित पक्षहरूलाई जानकारी हुन्छ । यसका अतिरिक्त सीमान्तकृत छात्रवृत्ति कार्यक्रम संचालनका सन्दर्भमा आइपरेका समस्या र ती समस्या समाधानका उपायहरूका वारेमा समेत चर्चा गरिएकोले आगामी दिनमा सो कार्यक्रमलाइ अझ व्यवस्थित रुपमा संचालन गर्न विद्यालय प्रसासन, विद्यालय व्यवस्थापन समिति, शिक्षा कार्यलाय समेतलाई सहयोग पुग्नेछ ।

# परिच्छेद तीन : अध्ययन विधि

जुनसुकै समस्याको अनुसन्धान गर्न निश्चित विधिको आवश्यकता पर्दछ । यस परिच्छेदमा यो शोध अध्ययन कस्तो ढाँचाको हो, अध्ययनको जनसङ्ख्यामा को को पर्छन्, कुन विधिको प्रयोग गरी नमुना जनसङ्ख्या छनौट गरियो, तथ्याङ्क सङ्कलन गर्न कुन कुन विधि तथा साधनको प्रयोग गरियो, तथ्याङ्क सङ्कलन कसरी गरियो, तथ्याङ्कका स्रोतहरू के-के थिए, तथ्याङ्कको विश्लेषण कसरी गरियो भन्ने कुरा उल्लेख गरिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

यस अध्ययनलाई सम्पन्न गर्नका लागि वर्णनात्मक र विश्लेषणात्मक ढाँचा अवलम्बन गरिएको छ । वर्णनात्मक ढाँचा अन्तर्गत उत्तरदातासँग विस्तृत विवरण अनुभव लिइएको छ । वस्तुस्थितिलाई गहिरिएर अध्ययन, अवलोकन तथा अन्तरक्रियाको माध्यमबाट बुझ्ने प्रयास गरिएको छ । यसरी प्राप्त भएको तथ्याङ्कलाई वर्णनात्मक र विश्लेषणात्मक ढाँचाको प्रयोग गरी विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ३.२ तथ्याङ्क संकलन प्रक्रिया

तथ्याङ्क संकलन प्रक्रिया अन्तर्गत अध्ययन क्षेत्रमा रहेको जनसंख्याको आकार, तिनीहरू मध्येवाट नमुना छनौटमा परेका नमुनाको आकार  र ती नमुना छनौट गर्ने विधिका वारेमा चर्चा गरिएको छ ।

### ३.२.१ अध्ययनको जनसंख्या

कुनै पनि शोध विषयको अध्ययन गर्न निश्चित क्षेत्र र जनसंख्याको आवश्यक पर्ने भएकोले शोधकर्ताले समय र लगानीको आधारमा सम्भव भएसम्म अध्ययनको लागि लामो समय र फराकिलो क्षेत्र लिनु पर्ने हुन्छ । सीमित समय, स्रोत र साधनको कारणले गर्दा शोध विषयको अध्ययनको लागि धेरै ठूलो क्षेत्र समेट्न सम्भव नभएकोले झापा जिल्लाको तोपगाछी स्रोतकेन्द्र, सो स्रोतकेन्द्र अन्तर्गतका २७ वटा विद्यालयहरू, उक्त स्रोतकेन्द्रका स्रोत व्यक्ति, प्रधानाध्यापक, शिक्षक शिक्षिकाहरू, सीमान्तकृत छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरू तथा तिनका अभिभावकहरूलाई शोध अध्ययनको जनसंख्या मानिएको छ ।

### ३.२.२ नमुनाको आकार

यस अध्ययनमा शोध अध्ययनका उद्देश्यहरू पुरा गर्न झापा जिल्लाको तोपगाछी स्रोतकेन्द्र अन्तर्गतका २७ वटा सामुदायीक विद्यालयहरूमध्ये ६ वटा विद्यालयहरू, स्रोतव्यक्ति १ जना, सम्वन्धित विद्यालयका प्रधानाध्यापक ६ जना प्रत्येक विद्यालयबाट २/२ जनाका दरले जम्मा १२ जना शिक्षकहरू, सीमान्तकृत छात्रवृत्ति प्राप्तगर्ने विद्यार्थीहरू प्रत्येक विद्यालयवाट ३/३ जनाका दरले जम्मा १८ जना विद्यार्थी तथा तिनका अभिभावकहरू १८ जना गरी जम्मा ५५ जनालाई नमुनाको रुपमा छनौट गरिएको छ । उक्त नमुना जनसंख्याको आकारलाई अनुसूचीमा राखिएको छ ।

### ३.२.३ नमुना छनौट विधि

यस शोध अध्ययनका उद्देश्यहरू पुरागर्न झापा जिल्लाको तोपगाछी स्रोतकेन्द्र अन्तर्गतका २७ सामुदायिक विद्यालयहरूमध्ये सामान्य सम्भावनायुक्त नमुना छनौट विधिको प्रयोग गरी ६ वटा विद्यालयहरू छनौट गरिएका छन् । उद्देश्यमुलक नमुना छनौट विधिको प्रयोग गरी सम्वन्धित स्रोतकेन्द्रका स्रोतव्यक्ति १ जना, सम्वन्धित विद्यालयका प्रधानाध्यापक ६ जनालाई छनौट गरिएको छ । सामान्य सम्भावनायुक्त नमुना छनौट विधिको प्रयोग गरी छनौटमा परेका विद्यालयबाट २/२ जनाका दरले जम्मा १२ जना शिक्षकहरू, सीमान्तकृत छात्रवृत्ति प्राप्तगर्ने विद्यार्थीहरूमध्येवाट प्रत्येक विद्यालयवाट ३/३ जनाका दरले जम्मा १८ जना विद्यार्थी तथा तिनका अभिभावकहरूलाई नमुनाको रुपमा छनौट गरिएको छ ।

### ३.२.४ नमुना छनौटको आधार

अनुसन्धान कार्य सम्पन्न गर्नका निम्ति नमुनाको आवश्यकता पर्दछ । नमुना छनौट गर्दा विभिन्नतालाई ध्यान पुऱ्याएर गर्नुपर्ने हुन्छ । यस अनुसन्धानमा विद्यालयहरूको छनौट गर्दा सुगमता र दुर्गमताका साथै विद्यालयको सामाजिक, साँस्कृतिक परिवेशलाई आधार मानिएको छ ।

## ३.३ तथ्याङ्क संकलनका साधनहरू

कुनै पनि विषयको अध्ययनलाई निष्कर्षमा पुऱ्याउनको लागि निश्चित साधनहरूको आवश्यकता पर्दछ । यहाँ सीमान्तकृत छात्रवृत्तिले सिकाइ उपलब्धिमा पारेको प्रभावको विश्लेषण गर्न तथ्याङ्क संकलनका साधनहरूलाई प्रयोग गरिएको छ ।

### ३.३.१ अन्तर्वार्ता सूची

अन्तर्वार्ताको लागि तयार गरिएको लिखित प्रश्नहरूको सूचीलाई अन्तर्वार्ता अनुसूची भनिन्छ । जसलाई अनुसन्धानकर्ता स्वयम्ले उत्तरदाताको साम् प्रत्यक्ष रुपमा मुखामुख भएर सोध्ने र प्राप्त उत्तर टिप्ने गर्दछ । अन्तर्वार्ताकार आफैले उत्तर टिप्ने हुँदा यो विधि बढी विश्वसनीय हुने र यसबाट सही सूचना प्राप्त हुने विश्वास गरिन्छ । यस अध्ययनमा नमुना जनसंख्या भित्रका विद्यालयका शिक्षकहरूलाई अन्तर्वार्ता अनुसूचीको प्रयोग गरी अन्तर्वार्ता लिइएको थियो । जसलाई अनुसूचीमा समावेश गरिएको छ ।

### ३.३.२ प्रश्नावली

शैक्षिक क्षेत्रमा गरिने अनुसन्धानमा सूचना संकलन गर्ने विधिमध्ये प्रश्नावली एक प्रमुख विधि हो । यस विधिमा पूर्व निर्धारित प्रश्नहरू उत्तरदाता साम् हुलाक वा मानिसद्वारा पठाइन्छ र उत्तरदाताले प्राप्त प्रश्नावली अनुसार उत्तर भरेर विश्वासिलो र भरपर्दो माध्यमद्वारा फिर्ता पठाउने अपेक्षा गरिन्छ । यस अध्ययनको लागि छनौट भएको नमुना जनसंख्या भित्रका स्रोतव्यक्ति र प्रधानाध्यापकलाई लिखित रुपमा प्रश्नावली निर्माण गरी अध्ययनकर्ता आफैंले वितरण गरिएको थियो । प्रश्नावली वितरण गर्दा प्रत्यक्ष सम्पर्क गरी विषयवस्तुको बारे स्पष्ट जानकारी समेत गराइएको थियो । जसलाई अनुसूचीमा  उल्लेख गरिएको छ ।

### ३.३.३ अन्तर्क्रिया

शोध अध्ययनका लागि थप सूचनाहरू प्राप्त गर्न छनौट भएका स्रोतव्यक्ति, प्रधानाध्यापक र शिक्षकहरूसँग सीमान्तकृत छात्रवृत्ति र त्यसले सिकाइ उपलव्धिमा पारेको प्रभावका वारेमा बुझ्न आ-आफ्नो व्यक्तिगत तर्क मौखिक रुपमा प्रस्तुत गर्न लगाई अन्तर्क्रियाबाट प्राप्त मुख्य–मुख्य कुरालाई अध्ययनको प्रयोजनको लागि टिपोट गरिएको थियो । यसका अतिरिक्त सीमान्तकृत छात्रवृत्ति प्राप्त गरिरहेको विद्यार्थी तथा उनीहरूका अभिभावकहरूसँग समेत छलफल गरिएको थियो । स्रोतव्यक्ति, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकहरूसँग गरिएको अन्तर्क्रियाबाट आएको प्रतिक्रियालाई शोध अध्ययनको विषयवस्तु र उद्देश्यसँग सम्बन्धित गरी विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ३.३.४ दस्तावेज पुनरावलोकन

यस अध्ययनमा आवश्यक सूचनाहरू सङ्कलन गर्न दस्तावेजहरूको पुनरावलोकन गरिएको थियो । यी सूचना तथा जानकारीहरू सङ्कलन गर्न यस अध्ययनसँग सरोकार राख्ने स्रोतकेन्द्र, विद्यालयहरू तथा विभिन्न शिक्षण विभागका रेकर्ड फाइलहरू, विद्यार्थी उपलब्धि अभिलेखहरू आदिको पुनरावलोकन गरिएको छ । यस शोध अध्ययनलाई निचोडमा पुऱ्याउन थप सहयोगी सूचनाको लागि विद्यालय निरीक्षण पुस्तिका, स्टाफ बैठक र विद्यालय व्यवस्थापन समितिको बैठक निर्णय पुस्तिका, निरीक्षण क्षेत्रको कार्ययोजना, विभिन्न संस्थाबाट प्रकाशित प्रतिवेदन तथा अन्य शैक्षिक प्रकाशनहरू तथा अभिलेखको संक्षिप्त विश्लेषण गरी आवश्यक सूचनाहरूको संकलन गरिएको छ ।

## ३.४ तथ्याङ्कका स्रोतहरू

अनुसन्धानका क्रममा प्रयोग गरिने सूचना, तथ्याङ्क, प्रमाण जानकारी तथा आंकडालाई तथ्याङ्क भनिन्छ । अनुसन्धानलाई पुरागर्न आवश्यक पर्ने कच्चा पदार्थलाई तथ्याङ्क भनिन्छ । यहाँ प्राथमिक र सहायक दुवै प्रकारका तथ्याङ्कका स्रोतहरूको प्रयोग गरिएको छ । तिनीहरूको निम्नानुसार चर्चा गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

प्राथमिक स्रोत संकलनका लागि नमुना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, स्रोत व्यक्ति, सीमान्तकृत छात्रवृत्ति प्राप्तगर्ने विद्यार्थीका अभिभावकहरूलाई प्रत्यक्ष रुपमा भेटी अन्तर्वार्ता छलफल तथा प्रश्नावलीको माध्यमबाट सूचना संकलन गरिएको छ । साथै सम्बन्धित विद्यालयको स्थलगत भ्रमण तथा अवलोकन गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ । अनुसन्धानकर्ताद्धारा पहिलो पटक संकलन र प्रयोग गरिएका तथ्याङ्कहरू प्राथमिक स्रोत अन्तर्गत पर्दछन् । प्रथम पटक अनुसन्धानकर्ताले संकलन गर्ने भएकाले तिनीहरूको व्याख्या विश्लेषण र टिप्पणी गर्ने अधिकार पनि अनुसन्धानकर्ताकै रहने गर्दछ ।

### ३.४.२ सहायक स्रोत

अनुसन्धानको शिलशिलामा पूर्व प्रकाशित तथा संकलित तथ्याङ्कहरूलाई सहायक स्रोत भनिन्छ । यस अध्ययन अनुसन्धानको लागि आवश्यक पर्ने तथ्य तथ्याङ्क, विभिन्न पुस्तक, लेख, रचना, शैक्षिक, नीति नियम र तथ्याङ्कहरू, अनुसन्धानात्मक प्रतिवेदन, शोधपत्र,

विद्यालयमा रहेका विभिन्न किसिमका रेकर्ड फाइलहरू, अभिलेख आदिबाट सहायक तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्कको व्याख्या तथा विश्लेषण

यो अध्ययन गुणात्मक र परिमाणत्मक दुवैको मिश्रित अनुसन्धान भएकाले अनुसन्धान प्रश्नमा केन्द्रित रही नमुना छनोटमा परेका जनसङ्ख्यासँग गरिएको अन्तर्वार्ता, भराइएका प्रश्नावली छलफलवाट प्राप्त विभिन्न जानकारी जस्ता प्राथमिक स्रोतबाट प्राप्त सूचना तथा तथ्याङ्क र सम्बन्धित कार्यालयका दस्तावेज पुनरावलोकन, कार्यालयका अभिलेख जस्ता सहायक स्रोतबाट प्राप्त सहायक तथ्याङ्कलाई अध्ययनको उद्देश्य अनुसार विभिन्न समूहमा वर्गीकरण गरिएको छ । उक्त समूह भित्र आएका मुख्य विषयलाई छुट्याएर तिनीहरूको वर्ग बनाई ब्याख्या र विश्लेषण गरिएको छ । यसरी वर्गीकृत गरिएका तथ्याङ्कलाई पूर्वस्थापित सिद्धान्त र साहित्यसँग जोडेर विश्लेषण गर्दै निष्कर्षमा पुगिएको छ । यस अध्ययनमा सीमान्तकृत छात्रवृत्ति वितरण प्रकृया, छात्रवृत्तिले विद्यार्थीहरूको शैक्षिक उपलव्धिमा पारेको प्रभाव र सीमान्तकृत छात्रवृत्ति कार्यक्रमसँग सम्वन्धित समस्याहरू तथा ती समस्या समाधानका उपायहरूको खोजी गरिएको छ ।

यस अध्ययनको वैधता र विश्वसनीयता कायम गर्न विद्यालयका सरोकारवाला समूहसँग भएको छलफल, अन्तर्वार्ता र प्रश्नावलीबाट प्राप्त भएका सूचनाहरूलाई त्रिकोणात्मक सम्बन्ध स्थापना गरेर तिनीहरूको शुद्धता र विश्वसनीयता खोज्ने प्रयास गरिएको छ । एक पक्षबाट प्राप्त सूचनालाई अर्को पक्षबाट त्यही सूचना आउँछ कि आउँदैन भनेर गरिएको थियो । अन्तर्वार्ताबाट प्राप्त सूचनाको सत्यता पहिचान गर्न अवलोकन विधि अपनाइएको थियो । अवलोकनबाट प्राप्त सूचनालाई अन्तर्वार्ता र छलफलसँग मेल खान्छ, खाँदैन भनेर जाच गर्ने प्रयास गरिएको थियो ।

# परिच्छेद चार : तथ्याङ्कको व्याख्या तथा विश्लेषण

यस परिच्छेदमा सीमान्तकृत छात्रवृत्तिको वर्तमान अवस्था यस छात्रवृत्तिले सिकाइ उपलब्धिमा पारेको प्रभाव तथा यस छात्रवृत्ति वितरणमा आइपरेका समस्यहरू तथा तिनको समाधानको उपायहरूको वारेमा छलफल गरिएको छ ।

## ४.१ सीमान्तकृत छात्रवृत्ति वितरणको वर्तमान अवस्था

यहाँ नमुना छनौटमा परेका विद्यालयहरूमा अध्ययनरत सीमान्तकृत समुदायका बालबालिकाहरूको संख्यात्मक स्थिती, ती विद्यालयहरूमा सीमान्तकृत छात्रवृत्ति वितरण गर्ने तरिका, सीमान्तकृत छात्रवृत्ति वापतको रकमको प्रयोगको अवस्था तथा सो रकमको पर्याप्तताका वारेमा विश्लेषण गरिएको छ ।

### ४.१.१ छात्रवृत्ति वितरण गर्ने तरिका

तोपगाछी स्रोतकेन्द्र अन्तर्गत नमुना छनौटमा परेका ६ वटा सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरू मध्ये सीमान्तकृत जातिमा पर्ने मुसहर, सतार र माभी समुदायका बालबालिकाहरू अध्ययनरत रहेको पाइयो । यी जातिका अधिकांश मानिसहरूको आर्थिक अवस्था अत्यन्तै निम्न स्तरको रहने गरेको छ । यस समूदायका अभिभावकहरूमा जनचेतनाको कमी रहेको पाइयो । उनीहरूले आफ्ना विद्यालय उमेर समूहका बालबालिकाहरूलाई विद्यालय पठाउने गरेको पाइयो । एक जना प्रधानाध्यापकका अनुसार केहि वर्ष अगाडिसम्म यस समूदायका अधिकांश बालबालिकाहरू विद्यालयमा अध्ययन गर्न जादैन थिए । आएकाहरूमा पनि नियमित रुपमा विद्यालय नआउने कक्षा दोहोऱ्याउने, कक्षा छोड्ने अनुत्तिर्णहुने दर ज्यादै थियो । वर्तमानमा भने सीमान्तकृत जातिका बालबालिकाहरूको विद्यालयमा भर्नाहुने दर वढ्दै गइरहेको छ । यसको कारणवारे उनले भने विद्यालयमा भर्ना भएकाहरूले छात्रवृत्ति वापतको रकम प्राप्त गरेको थाहा पाएपछि विद्यालय नगएका र जान छोडेका बालबालिकाहरूलाई समेत विद्यालय भर्ना गरेको अवस्था छ ।

विद्यालयमा भर्ना भएका सवै सीमान्तकृत बालबालिकाहरूले यो छात्रवृत्ति प्राप्त गर्ने गरेको पाइयो । उक्त छात्रवृत्ति कहिले प्राप्त गर्ने गर्नुभएको छ भन्ने प्रश्नको जवाफमा एक प्रधानाध्यापकको जवाफ थियो शैक्षिक सत्रको शुरुमा नै सवै सीमान्तकृत बालबालिकाहरूलाई सीमान्तकृत छात्रवृत्ति प्रदान गर्ने गरिएको छ । उनका अनुसार

अधिकांश अभिभावकहरू नै छात्रवृत्ति वापतको रकम लिन विद्यालय आउने गरेका छन् । अभिभावकहरू उपस्थित नभएमा सम्वन्धित विद्यार्थीलाई नै उक्त रकम प्रदान गर्ने गरिएको पाइयो । छात्रवृत्ति सम्वन्धि नियमावलीमा व्यवस्था भएवमोजिम स्टेशनरी वापत रु २०० र पोशाक वापतको रु ४०० गरी जम्मा ६०० रुपैयाँ सीमान्तकृत समूदायका विद्यार्थीहरूलाई प्रदान गरिदै आएकोमा शैक्षिक सत्र २०६८ देखि सो प्रावधानमा केहि परिवर्तन गरी प्रति १० जना सीमान्तकृत विद्यार्थीहरूमध्ये एक जना लाई छात्रवृत्ति वापत रु १७०० प्रदान गरिएको पाइयो ।

### ४.१.२ सीमान्तकृत छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको विवरण

विद्यार्थीहरूलाई विद्यालयमा आकर्षण गर्न, आर्थिक रुपमा विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकाहरूलाई विद्यालयमा टिकाइ राख्न छात्रवृत्ति प्रदान गर्ने गरिन्छ । त्यसै क्रममा हाल विभिन्न प्रकारका छात्रवृत्तिहरू प्रदान गरिदै आइएको छ । त्यसै अन्तर्गत लोपोन्मुख, सीमान्तकृत, अल्पसंख्यक जनजाति तथा विपन्न वर्गका विद्यार्थीहरूलाई छात्रवृत्ति वापत रु ६०० र १७०० प्रदान गरिदै आएको अवस्था छ । तोपगाछी स्रोतकेन्द्र अन्तर्गत सामुदायीक विद्यालयहरू मध्ये नमुना छनौटमा परेका विद्यालयमा अध्ययनरत सीमान्तकृत जातिका बालबालिकाहरूको विवरण निम्नानुसार रहेको छ

तालिका १ : प्रा.वि.तहमा सीमान्तकृत छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको विवरण

| विद्यालय | जम्मा विद्यार्थी | | | सीमान्तकृत विद्यार्थी | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| कमला मदनआश्रित उ.मा.वि | १४५ | १५८ | ३०३ | ३२ | ३७ | ६९ | २२.८ |
| कञ्चनजंघा नि.मा.वि. | ११९ | १२४ | २४३ | २५ | २७ | ५२ | २१.४ |
| मोती उ.मा.वि. | १६६ | १६९ | ३३५ | ३७ | ४० | ७७ | २३.० |
| लक्ष्मी नारायण उ.मा.वि. | २२७ | २२३ | ४५० | ३२ | २७ | ५९ | १३.१ |
| सिद्धदेवी प्रा.वि. | ६८ | ६२ | १३० | १७ | १५ | ३२ | २४.६ |
| मङ्गलमय उ.मा.वि. | २३४ | २६२ | ४९६ | ३४ | ४३ | ७७ | १५.५ |
| जम्मा | ९५९ | ९९८ | १९५७ | १७७ | १८९ | ३६६ | १८.७ |

स्रोत : विद्यालय सर्वेक्षण, २०६७

नमुना छनौटमा परेका विद्यालयहरूको विद्यार्थी भर्नाको विवरण हेर्दा असमान रहेको पाइयो । कुनै विद्यालयमा न्यून विद्यार्थी संख्या रहेको छ भने कुनैमा निकै धेरै विद्यार्थी संख्या रहेको छ । विद्यालयमा भर्ना भएका मध्ये औषतमा १९ प्रतिशत विद्यार्थीहरू सीमान्तकृत समुदायका रहेको पाइयो । सीमान्तकृत बालबालिकाहरूको वितरण पनि असमान रहेको पाइयो । कुनै विद्यालयमा १३ प्रतिशत विद्यार्थीहरू सीमान्तकृत समुदायका छन् भने कुनैमा २५ प्रतिशत सम्म रहेको पाइयो ।  सवैभन्दा वढि सीमान्तकृत समुदायका विद्यार्थीको संख्या मंगलमय उ.मा.वि र मोती उ.मा.वि.मा  समान ७७ रहेको पाइयो । त्यस्तै सवैभन्दा कम संख्या भने सिद्धदेवि प्रा.वि.मा ३२ जना रहेको पाइयो । यसरी नमुना छनौटमा परेका सवै विद्यालयमा सीमान्तकृत समुदायका बालबालिकाहरूको संख्या प्रसस्तै रहेको पाइयो । त्यसमा पनि छात्रको भन्दा छात्राहरूको संख्या तुलनात्मक रुपमा वढि रहेको अवस्था छ ।

### ४.१.३ सीमान्तकृत छात्रवृत्ति रकमको प्रयोगको अवस्था

आर्थिक रुपमा गरिव, विपन्न तथा पिछडिएको समूदायलाई आफ्ना बालबालिकाहरूलाई विद्यालय शिक्षा प्रदानगर्न सजिलो वनाउने ध्येयका साथ छात्रवृत्ति कार्यक्रम सञ्चालन भएको हुन्छ । आर्थिक अभावका कारण कसैलेपनि विद्यालय शिक्षावाट वञ्चित हुन नपरोस । छात्रवृत्ति वापतको रकम प्रयोगको अवस्था वुझ्न यस शोधकर्ताले विद्यार्थी, अभिभावक, शिक्षक तथा प्रधानाध्यापकहरूसँग वुझ्ने प्रयास गरेको थियो । छात्रवृत्ति वापतको रकम कुनकुन प्रयोजनमा खर्च हुने गरेको छ भनी वुझ्न गरिएको छलफल, अन्तर्वार्ता तथा प्रश्नावलीको उत्तरका आधारमा निम्नानुसारका शीर्षकहरूमा सो रकम खर्चहुने गरेको पाइयो ।

तालिका २ : छात्रवृत्ति रकम उपयोग गरिएका क्षेत्रहरू

| क.सं. | छात्रवृत्ति उपयोगिताको क्षेत्र | उत्तरदाताहरू | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | अभिभावक | विद्यार्थी | | |
| १ | विद्यालय पोशाक | ५ | १० | १७ | १५ | ४७ | ८७.० |
| २ | कापी कलम | ५ | ८ | १३ | १७ | ४३ | ७९.६ |
| ३ | अन्य लुगा | २ | ५ | १ | ७ | १५ | २७.८ |
| ४ | पारिवारिक आवश्यकता | १ | ३ | २ | - | ६ | ११.१ |
| ५ | औषधि उपचार | - | २ | २ | - | ४ | ७.४ |
| ६ | टाई, जुत्ता | २ | ७ | ११ | ९ | २९ | ५३.७ |
| ७ | परिक्षा शुल्क | ४ | ९ | १३ | १७ | ४३ | ७९.६ |
| ८ | खाजा | १ | ६ | ५ | १० | २२ | ४०.७ |
| ९ | उपभोग्य सामग्रीहरू | - | ३ | २ | - | ५ | ९.३ |
| १० | ब्रस, टुथपेष्ट | - | - | ३ | ६ | ९ | १६.७ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

नमुना छनौटमा परका उत्तरदाताहरूमध्ये ४७ जना अर्थात ८७ प्रतिशतले छात्रवृत्ति वापतको रकम विद्यालय पोशाक किन्नमा खर्च गरेको जनाकारी दिएका छन् । यसरी जानकारी दिनेहरूमा ५ जना प्र.अ, १० जना शिक्षक, १७ जना अभिभावक, र १५ जना विद्यार्थी रहेका छन् । नमुना छनौटमा परका उत्तरदाताहरूमध्ये ४३ जना अर्थात ७९.६ प्रतिशतले छात्रवृत्ति वापतको रकम अध्ययन कार्यमा आवश्यक पर्ने कापीकलम किन्नमा खर्च गरेको जनाकारी दिएका छन् । यसरी जानकारी दिनेहरूमा ५ जना प्र.अ, ८ जना शिक्षक, १३ जना अभिभावक, र १७ जना विद्यार्थी रहेका छन् । उत्तरदाताहरूमध्ये १५ जना अर्थात २७.८ प्रतिशतले छात्रवृत्ति वापतको रकम विद्यालय पोशाक वाहेका लुगा किन्नमा पनि खर्च गरेको जनाकारी दिएका छन् । यसरी जानकारी दिनेहरूमा २ जना प्र.अ, ५ जना शिक्षक, १ जना अभिभावक, र ७ जना विद्यार्थी रहेका छन् । उत्तरदाताहरूमध्ये ६ जना अर्थात ११.१ प्रतिशतले छात्रवृत्ति वापतको रकम पारिवारिक आवश्यकतामा पनि खर्च गर्ने

गरेको जनाकारी दिएका छन् । यसरी जानकारी दिनेहरूमा १ जना प्र.अ,  ३ जना शिक्षक, २ जना अभिभावक रहेका छन् । उत्तरदाताहरूमध्ये ४ जना अर्थात ७.४ प्रतिशतले छात्रवृत्ति वापतको रकम बालबालिकाहरूलाई औषधी उपचार गर्नमा खर्च गरेको जनाकारी दिएका छन् । यसरी जानकारी दिनेहरूमा २ जना शिक्षक, र २ जना अभिभावक रहेका छन् ।

बालबालिकाहरूलाई आवश्यक पर्ने टाई जुत्ता लगायतका सामग्री खरिदगर्न छात्रवृत्ति वापतको रकम प्रयोग गर्ने गरेको जानकारी उत्तरदाताहरू मध्ये २९ (५३.७%) जनाले दिएका छन् ।  यसरी जानकारी दिनेहरूमा २ जना प्र.अ, ७ जना शिक्षक, ११ जना अभिभावक, र ९ जना विद्यार्थी रहेका छन् । उत्तरदाताहरूमध्ये ४३ जना अर्थात ७९.६ प्रतिशतले छात्रवृत्ति वापतको रकम परीक्षा शुल्क तिर्न  खर्च गरेको जानकारी दिएका छन् । यसरी जानकारी दिनेहरूमा ४ जना प्र.अ, ९ जना शिक्षक, १३ जना अभिभावक र १७ जना विद्यार्थी रहेका छन् । बालबालिकाहरूलाई आवश्यक पर्ने खाजाको व्यवस्था गर्न छात्रवृत्ति वापतको रकम प्रयोग गर्ने गरेको जानकारी उत्तरदाताहरू मध्ये २२ (४०.७%) जनाले दिएका छन् ।  यसरी जानकारी दिनेहरूमा १ जना प्र.अ, ६ जना शिक्षक, ५ जना अभिभावक, र १० जना विद्यार्थी रहेका छन् । उत्तरदाताहरूमध्ये ३ जना शिक्षक र २ जना अभिभावक गरी जम्मा ४ जनाले छात्रवृत्ति वापतको रकम परिवारका लागि आवश्यक पर्ने उपभोग्य सामग्री खरिद गर्न खर्च गर्ने गरेको जानकारी दिएका छन् ।

छात्रवृत्ति वापतको रकम बालबालिकाहरूको पठनपाठनको कामका लागि नै खर्च गरेको अधिकांशको जवाफ पाइयो । केहिले भने थोरै रकम अन्य घरायसी कामकाजमा समेत खर्चगरेको वताए । यसै विषयमा एकजना अभिभावकले भने छात्रवृत्ति वितरण गर्दा नै यो रकम बालबालिकाहरूको पढाइमा नै खर्च गर्नुपर्ने कुरा प्रधानाध्यापकले वताउने गरेकाले आफूले यस रकमले बालबालिकाहरूका लागि कापी, कलम झोला तथा पोशाक किन्नमा नै खर्च गरेका छौं । अन्य काममा खर्च गरेमा अर्को साल छात्रवृत्ति नदिने कुरा विद्यालयका प्र.अ.ले वताएकाले पनि अन्यकाममा खर्चगर्ने गरिएको छैन ।

### ४.१.४ छात्रवृत्ति रकमको पर्याप्तता

सीमान्तकृत छात्रवृत्ति प्राप्तगर्ने विद्यार्थीहरू, उनीहरूका अभिभावक, शिक्षक तथा प्र.अ.हरूलाई हाल प्रदान गर्दै गरिएको रकम पर्याप्त भए नभएको वारेमा जिग्यासा राख्दा

अधिकांशले सो रकम पर्याप्त नभएको वताए । यसरी प्राप्त भएका उत्तरहरूलाई निम्न टेवलमा देखाउने प्रयास गरिएको छ ।

तालिका ३ : छात्रवृत्ति रकमको पर्याप्तता

| क्र. सं. | उत्तरदातहरू | पर्याप्त छ | प्रतिशत | कम्तीमा १००० हुनुपर्ने | प्रतिशत | कम्तीमा १७०० हुनुपर्ने | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यार्थी | १ | ५.६ | ९ | ५०.० | ८ | ४४.४ | १८ |
| २ | अभिभावक | – | | १२ | ६६.७ | ६ | ३३.३ | १८ |
| ३ | शिक्षक | – | | ७ | ५८.३ | ५ | ४१.७ | १२ |
| ४ | प्रधानाध्यापक | – | | ४ | ६६.७ | २ | ३३.३ | ६ |
| उत्तरदाताहरू | | १ | १.९ | ३२ | ५९.३ | २१ | ३८.९ | ५४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

हाल प्रदान गरिदै आएको छात्रवृत्ति वापतको रकम पर्याप्त भएको धारणा व्यक्त गर्नेमा १ जना विद्यार्थी मात्र रहेका छन् । विद्यार्थीहरू मध्ये ९ जना अर्थात ५०.० प्रतिशतले कम्तीमा पनि १००० रुपैया हुनुपर्ने धारणा व्यक्त गरेका छन् भने ८ जना ४४.४ प्रतिशतले कम्तीमा १७०० हुनपर्ने धारणा राखेका छन् । हाल प्रदान गरिदै आएको छात्रवृत्ति वापतको रकम पर्याप्त भएको धारणा कोहि पनि अभिभावकहरूले व्यक्त गरेनन् । अभिभावकहरू मध्ये १२ जना अर्थात ६६.७ प्रतिशतले कम्तीमा पनि १००० रुपैया हुनुपर्ने धारणा व्यक्त गरेका छन् भने ६ जना ३३.३ प्रतिशतले कम्तीमा १७०० हुनपर्ने धारणा राखेका छन् । हाल प्रदान गरिदै आएको छात्रवृत्ति वापतको रकम पर्याप्त भएको धारणा कोहि पनि शिक्षकहरूले व्यक्त गरेनन् । शिक्षकहरू मध्ये ७ जना अर्थात ५८.३ प्रतिशतले कम्तीमा पनि १००० रुपैया हुनुपर्ने धारणा व्यक्त गरेका छन् भने ५ जना ४१.७ प्रतिशतले कम्तीमा १७०० हुनपर्ने धारणा राखेका छन् । हाल प्रदान गरिदै आएको छात्रवृत्ति वापतको रकम पर्याप्त भएको धारणा कोहि पनि प्रधानाध्यापकहरूले व्यक्त गरेनन् । प्र.अ.मध्ये ४ जना अर्थात ६६.७

प्रतिशतले कम्तीमा पनि १००० रुपैया हुनुपर्ने धारणा व्यक्त गरेका छन् भने २ जना ३३.३ प्रतिशतले कम्तीमा १७०० हुनपर्ने धारणा राखेका छन् ।

एक जना प्रधानाध्यापकले भने हाल प्रदान गरिदै आएको ६०० रुपैयाले बालबालिकाहरूका लागि अत्यावश्यक शैक्षिक सामग्री एकपटक खरिद गर्नपनि पुग्दैन । त्यसैगरी अभिभावकहरूले पनि सो रकमले बालबालिकाहरूलाई आवश्यक पर्ने कापीकलम, पेन्सिल, झोला, विद्यालय पोशाक किन्न नपुग्ने वताए । तरपनि केहि सजिलो भने अवश्य भएको उनीहरूको प्रतिक्रिया थियो । महङ्गी दिनप्रतिदिन वढ्दै गएको छ तर छात्रवृत्ति वापतको रकम भने नवढेको उनीहरूको गुनासो छ । हाल प्रदान गरिदै आएको रकम कम भएको गुनासो गर्नेहरूलाई कति रकम प्रदानगर्नु पर्ला भनी जिग्यासा राख्दा अधिकांशले कम्तिमा १००० रुपैया हुनुपर्ने वताए भने केहिले अहिले प्रदान गरिदै आएको रकमको दोव्वर हुनपर्ने वताए । कम्तिमा १००० रुपैया भए बालबालिकालाई आवश्यक पर्ने सामग्री सहित विद्यालय पोशाक र झोला किन्न पुग्ने अभिभावकहरूको भनाइ पाइयो ।

हाल सीमान्तकृत छात्रवृत्ति वापतको रकममा समेत असमानता रहेको जानकारी पाइयो । प्र.अ.हरूले दिएको जानकारी अनुसार प्रति १० जना सीमान्तकृत विद्यार्थीहरूमध्ये १ जनालाई रु १७०० र अन्यलाई रु ६०० प्रदान गरिने गरिएको छ । यो दुई प्रकारको प्रावधान शैक्षिक सत्र २०६८ देखि लागुभएको जानकारी पाइयो । त्यसैले अधिकांश यस समुदायका विद्यार्थीहरूले थोरै रकम प्राप्त गर्ने भएकाले उनीहरूले प्रदान गरिदै आएको रकम कम भएको गुनासो गरेको पाइयो । यसरी समग्रमा हाल प्रदान गरिदै आएको रकम अपर्याप्त भएको र सो रकमलाई वढाउनु पर्नेमा सवैको जोड थियो । त्यसै गरी प्रा.वि.तहका सवै बालबालिकाहरूका लागि दिवा खाजा कार्यक्रम पनि संचालन गर्नुपर्ने उनीहरूमध्ये केहिको भनाइ थियो ।

## ४.२ सीमान्तकृत छात्रवृत्तिले सिकाई उपलव्धिमा पारेको प्रभावका क्षेत्रहरू

छात्रवृत्ति कार्यक्रमले बालबालिकाहरूलाई आफ्नो अध्ययन कार्यमा उत्प्रेरणा प्रदान गर्दछ । आर्थिकरुपमा गरिव परिवारका बालबालिकाहरूलाई विद्यालय जान निरन्तरता प्रदान गर्ने, शैक्षिक उपलव्धिमा सुधार ल्याउने उद्देश्यका साथ छात्रवृत्ति प्रदान गरिन्छ । यहाँ सीमान्तकृत छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीहरूको कक्षागत सिकाइ उपलव्धि, सीमान्तकृत समुदायकै विद्यार्थीहरूको छात्रवृत्ति प्राप्त गर्दा र नगर्दाको सिकाइ उपलव्धि,

कक्षा छोड्ने दर कक्षा दोहोऱ्याउने दर, विद्यालयमा नियमित उपस्थिती लगायतका विषयहरूको तुलनात्मक अध्ययन गर्ने प्रयास गरिएको छ ।

### ४.२.१ सीमान्तकृत छात्रवृत्ति पाएका र नपाएका विद्यार्थीहरूको कक्षागत सिकाइ उपलब्धी

नमुना छनौटमा परेका विद्यालयहरूको प्राथमिक तहका सीमान्तकृत छात्रवृत्ति प्राप्त गर्ने र प्राप्त नगर्ने विद्यार्थीहरूको कक्षागत औषत सिकाइ उपलब्धिको तुलना निम्नानुसार गरिएको छ ।

तालिका ४ : छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीहरूको कक्षागत सिकाइ उपलब्धी

| कक्षा | छात्रवृत्ति नपाउनेको सिकाइ उपलब्धि | | छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि | |
|---|---|---|---|---|
| | २०६६ | २०६७ | २०६६ | २०६७ |
| १ | ६३.५५ | ६६.२३ | ६४.६१ | ६५.३३ |
| २ | ६१.४५ | ६२.५४ | ६०.२३ | ६२.९३ |
| ३ | ६५.०० | ६२.५१ | ५९.३३ | ६०.१० |

| | | | | |
|---|---|---|---|---|
| ४ | ६१.८७ | ५२.४३ | ५८.४२ | ६०.८४ |
| ५ | ५५.७९ | ५२.६४ | ५२.४७ | ५०.५१ |

स्रोत : विद्यालय अभिलेख, २०६६/०६७

कमला मदनआश्रित उ.मा.वि.मा शैक्षिक सत्र २०६६ मा छात्रवृत्ति नपाउने कक्षा १ का विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि ६३.५५ रहेकोमा २०६७ मा सो उपलब्धिमा वृद्धिभई ६६.२३ पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि २०६६ मा ६४.६१ रहेकोमा २०६७ मा ६५.३३ पुगेको पाइयो । छात्रवृत्ति नपाउने कक्षा २ का विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०६६ मा ६१.४५ रहेकोमा २०६७ मा सो उपलब्धिमा वृद्धिभई ६२.५४ पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि २०६६ मा ६०.२३ रहेकोमा २०६७ मा ६२.९३ पुगेको पाइयो । शैक्षिक सत्र २०६६ मा छात्रवृत्ति नपाउने कक्षा ३ का विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि ६५.०० रहेकोमा २०६७ मा सो उपलब्धिमा ६२.५१ रहेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि २०६६ मा ५९.३३ रहेकोमा २०६७ मा ६०.१० पुगेको पाइयो । छात्रवृत्ति नपाउने कक्षा ४ का विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०६६ मा ६१.८७ रहेकोमा २०६७ मा सो उपलब्धि घटेर ५२.४३ पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि २०६६ मा ५८.४२ रहेकोमा २०६७ मा वढेर ६०.८४ पुगेको पाइयो । छात्रवृत्ति नपाउने कक्षा ५ का विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०६६ मा ५५.७९ रहेकोमा २०६७ मा सो उपलब्धिमा झरेर ५२.६४ पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि २०६६ मा ५२.४७ रहेकोमा २०६७ मा ५०.५१ पुगेको पाइयो ।

श्री कमला मदनआश्रित उ.मा.वि.मा सिमान्तकृत छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीहरूको विगत दुईवर्षको सिकाइ उपलब्धिको तुलना गर्दा प्राथमिक तहका सवै कक्षाहरूमा गैह्र सीमान्तकृत विद्यार्थीहरूको शैक्षिक उपलब्धि राम्रो रहेको पाइयो । अघिल्लो शैक्षिक सत्रको तुलनामा पछिल्लो शैक्षिक सत्रमा सवै कक्षाहरूमा दुवै प्रकारका विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा सुधार आएको पाइएको छ । तर तुलनात्मक रुपमा सीमान्तकृत विद्यार्थीहरूको उपलब्धि भने कम रहेको पाइयो ।

तालिका ५ : श्री कञ्चनजंघा नि.मा.वि.मा कक्षा १-५सम्म अध्ययनरत छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीहरूको कक्षागत सिकाइ उपलब्धि

| कक्षा | छात्रवृत्ति नपाउनेको सिकाइ उपलव्धि | | छात्रवृत्ति पाउनेको सिकाइ उपलव्धि | |
|---|---|---|---|---|
| | २०६६ | २०६७ | २०६६ | २०६७ |
| १ | ५५.६० | ५१.३४ | ५२.८७ | ५३.२२ |
| २ | ४८.३० | ५१.९० | ४७.९० | ४९.७६ |
| ३ | ५०.०० | ५१.४३ | ५१.३३ | ५५.१२ |
| ४ | ५३.९८ | ५२.६० | ५०.४१ | ५५.१० |
| ५ | ४८.१२ | ५०.६१ | ४४.९० | ४६.७१ |

स्रोत : विद्यालय अभिलेख, २०६६/०६७

श्री कञ्चनजंघा नि.मा.वि.मा छात्रवृत्ति नपाउने कक्षा १ का विद्यार्थीहरूको औषत सिकाइ उपलव्धि शैक्षिक सत्र २०६६ मा ५५.६० रहेकोमा २०६७ मा सो उपलव्धिमा ह्रास आई ५१.३४ पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलव्धि २०६६ मा ५२.८७ रहेकोमा २०६७ मा ५३.२२ पुगेको पाइयो । छात्रवृत्ति नपाउने कक्षा २ का विद्यार्थीहरूको औषत सिकाइ उपलव्धि शैक्षिक सत्र २०६६ मा ४८.३० रहेकोमा २०६७ मा सो उपलव्धिमा वृद्धिभई ५१.९० पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलव्धि २०६६ मा ५२.८७ रहेकोमा २०६७ मा ५३.२२ पुगेको पाइयो । छात्रवृत्ति नपाउने कक्षा ३ का विद्यार्थीहरूको औषत सिकाइ उपलव्धि शैक्षिक सत्र २०६६ मा ५०.०० रहेकोमा २०६७ मा सो उपलव्धिमा वृद्धिभई ५१.४३ पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलव्धि २०६६ मा ५१.३३ रहेकोमा २०६७ मा ५५.१२ पुगेको पाइयो । छात्रवृत्ति नपाउने कक्षा ४ का विद्यार्थीहरूको औषत सिकाइ उपलव्धि शैक्षिक सत्र २०६६ मा ५३.९८ रहेकोमा २०६७ मा सो उपलव्धि ५२.६० पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलव्धि २०६६ मा ५०.४१ रहेकोमा २०६७ मा ५५.१० पुगेको पाइयो । छात्रवृत्ति नपाउने कक्षा ५ का विद्यार्थीहरूको औषत सिकाइ उपलव्धि शैक्षिक सत्र २०६६ मा ४८.१२ रहेकोमा २०६७ मा सो उपलव्धिमा वृद्धिभई ५०.६१ पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलव्धि २०६६ मा ४४.९० रहेकोमा २०६७ मा ४६.७१ पुगेको पाइयो ।

अध्ययनरत सीमान्तकृत र गैह्र सीमान्तकृत छात्रछात्राहरूको कक्षगत सिकाइ उपलव्धिको तुलना गर्दा मिश्रित नतिजा पाइयो । कुनै कक्षामा सीमान्तकृत बालबालिकाहरूको सिकाइ

उपलब्धि वढि पाइयो भने कुनैमा गैह्र सीमान्तकृत विद्यार्थीहरूको सिकाइ उपलब्धि वढि पाइयो । शैक्षिक सत्र २०६६ मा कक्षा तीन वाहेक सवै कक्षाहरूमा गैह्र सीमान्तकृत विद्यार्थीहरूको उपलब्धि वढि पाइयो । शैक्षिक सत्र २०६७ मा भने कक्षा १ र ४ का सीमान्तकृत विद्यार्थीहरू सिकाइ उपलब्धि गैह्र सीमान्तकृतको भन्दा उच्च रहेको पाइयो । कक्षा ५ मा भने दुवैको वीचमा धेरै अन्तर रहेको पाइयो ।

तालिका ६ : श्री मोती उ.मा.वि.मा कक्षा १-५ सम्म अध्ययनरत छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीहरूको कक्षागत सिकाइ उपलब्धि

| कक्षा | छात्रवृत्ति नपाउनेको सिकाइ उपलब्धि | | छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि | |
|---|---|---|---|---|
| | २०६६ | २०६७ | २०६६ | २०६७ |
| १ | ४३.५६ | ४५.२२ | ४०.८० | ४३.१२ |
| २ | ४५.६० | ४६.७६ | ४२.१९ | ४४.९० |
| ३ | ४६.७६ | ४६.८९ | ४४.६४ | ४५.२३ |
| ४ | ४८.११ | ४६.२० | ४५.१९ | ४५.४५ |
| ५ | ४५.८२ | ४६.१७ | ४५.९० | ४६.०० |

स्रोत : विद्यालय अभिलेख, २०६६/०६७

मोती उ.मा.वि.मा छात्रवृत्ति नपाउने कक्षा १ का विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०६६ मा ४३.५६ रहेकोमा २०६७ मा सो उपलब्धिमा वृद्धिभई ४५.२२ पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि २०६६ मा ४०.८० रहेकोमा २०६७ मा ४३.१२ पुगेको पाइयो । छात्रवृत्ति नपाउने कक्षा २ का विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०६६ मा ४५.६० रहेकोमा २०६७ मा सो उपलब्धिमा वृद्धिभई ४६.७६ पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि २०६६ मा ४२.१९ रहेकोमा २०६७ मा ४४.९० पुगेको पाइयो । छात्रवृत्ति नपाउने कक्षा ३ का विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०६६ मा ४६.७६ रहेकोमा २०६७ मा सो उपलब्धिमा वृद्धिभई ४६.८९ पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि २०६६ मा ४४.६४ रहेकोमा २०६७ मा ४५.२३ पुगेको पाइयो ।

छात्रवृत्ति नपाउने कक्षा ४ का विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०६६ मा ४८.११ रहेकोमा २०६७ मा सो उपलब्धि घटेर ४६.२० पुगेको पाइयो भने छात्रवृत्ति

पाउनेको सिकाइ उपलब्धि २०६६ मा ४५.१९ रहेकोमा २०६७ मा ४५.४५ पुगेको पाइयो। छात्रवृत्ति नपाउने कक्षा ५ का विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०६६ मा ४५.८२ रहेकोमा २०६७ मा सो उपलब्धिमा वृद्धिभई ४६.१७ पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि २०६६ मा ४५.९० रहेकोमा २०६७ मा ४६.०० पुगेको पाइयो।

पनि अन्य विद्यालयहरूमा जस्तै सीमान्तकृत विद्यार्थीहरूको भन्दा अन्यको सिकाइ उपलब्धि तुलनात्मक रुपमा राम्रो रहेको पाइयो। शैक्षिक सत्र २०६६ मा कक्षा ५ मा सीमान्तकृतहरूको उपलब्धि केहि वढि पाइएतापनि अन्य कक्षाहरूमा गैर सीमान्तकृत विद्यार्थीहरूको नै उपलब्धि राम्रो रहेको अवस्था छ। शैक्षिक सत्र २०६७ मा भने सवै कक्षाहरूमा गैर सीमान्तकृत विद्यार्थीहरूको कक्षागत सिकाइ उपलब्धि उच्च रहेको अवस्था पाइयो। साथै सीमान्तकृत विद्यार्थीहरूको सिकाइ उपलब्धि पनि अघिल्लो शैक्षिक सत्रमा भन्दा वृद्धि भएको पाइयो।

तालिका ७ : श्री लक्ष्मी नारायण उ.मा.वि.मा कक्षा १-५सम्म अध्ययनरत छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीहरूको कक्षागत सिकाइ उपलब्धि

| कक्षा | छात्रवृत्ति नपाउनेको सिकाइ उपलब्धि | | छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि | |
|---|---|---|---|---|
| | २०६६ | २०६७ | २०६६ | २०६७ |
| १ | ४४.७६ | ४५.९० | ४३.२२ | ४३.९६ |
| २ | ४८.९८ | ४७.३० | ४५.३४ | ४६.११ |
| ३ | ४५.६२ | ४७.६१ | ४६.७८ | ४७.२१ |
| ४ | ५३.२१ | ५३.११ | ५०.१३ | ५०.३४ |

| | | | | |
|---|---|---|---|---|
| ५ | ४७.१२ | ४९.५० | ४५.३२ | ४६.२३ |

स्रोत : विद्यालय अभिलेख, २०६६/०६७

श्री लक्ष्मी नारायण उ.मा.वि. छात्रवृत्ति नपाउने कक्षा १ का विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०६६ मा ४४.७६ रहेकोमा २०६७ मा सो उपलब्धिमा वृद्धिभई ४५.९० पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि २०६६ मा ४३.२२ रहेकोमा २०६७ मा ४३.९६ पुगेको पाइयो । छात्रवृत्ति नपाउने कक्षा २ का विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०६६ मा ४८.९८ रहेकोमा २०६७ मा सो उपलब्धिमा ह्रासआई ४७.३० पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि २०६६ मा ४५.३४ रहेकोमा २०६७ मा ४६.११ पुगेको पाइयो । छात्रवृत्ति नपाउने कक्षा ३ का विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०६६ मा ४५.६२ रहेकोमा २०६७ मा सो उपलब्धिमा वृद्धिभई ४७.६१ पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि २०६६ मा ४६.७८ रहेकोमा २०६७ मा ४७.२१ पुगेको पाइयो । छात्रवृत्ति नपाउने कक्षा ४ का विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०६६ मा ५३.२१ रहेकोमा २०६७ मा उपलब्धि ५३.११ पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि २०६६ मा ५०.१३ रहेकोमा २०६७ मा ५०.३४ पुगेको पाइयो । छात्रवृत्ति नपाउने कक्षा ५ का विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०६६ मा ४७.१२ रहेकोमा २०६७ मा उपलब्धि ४९.५० पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि २०६६ मा ४५.३२ रहेकोमा २०६७ मा ४६. पुगेको पाइयो ।

शैक्षिक सत्र २०६६ मा श्री लक्ष्मी नारायण उ.मा.वि.को कक्षा तीनमा वाहेक अन्य सवै कक्षाहरूमा सीमान्तकृतको तुलनामा अन्यको सिकाइ उपलब्धि उच्च रहेको छ । त्यस्तै शैक्षिक सत्र २०६७ मा सवै कक्षाहरूको कक्षागत सिकाइ उपलब्धि अन्यको तुलनामा सीमान्तकृत विद्यार्थीहरूको कम रहेको पाइयो । यसरी यस विद्यालयमा पनि सीमान्तकृत विद्यार्थीहरू अन्यको तुलनामा अध्ययन कार्यमा पछाडि रहेको जानकारी पाइयो ।

तालिका ८ : श्री सिद्धदेवि प्रा.वि.मा कक्षा १-५सम्म अध्ययनरत छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीहरूको कक्षागत सिकाइ उपलब्धि

| कक्षा | छात्रवृत्ति नपाउनेको सिकाइ उपलब्धि | | छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि | |
|---|---|---|---|---|
| | २०६६ | २०६७ | २०६६ | २०६७ |
| १ | ४५.९० | ५४.६१ | ४०.८० | ४८.२३ |
| २ | ४७.३० | ५०.२३ | ४२.१९ | ४५.९० |
| ३ | ४७.६१ | ५९.३३ | ४४.६४ | ५४.७६ |
| ४ | ५३.११ | ५८.४२ | ४५.१३ | ४९.३८ |
| ५ | ४९.५० | ५२.४७ | ४५.९१ | ४७.६६ |

स्रोत : विद्यालय अभिलेख, २०६६/०६७

सिद्धदेवि प्राथमिक विद्यालयमा छात्रवृत्ति नपाउने कक्षा १ का विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०६६ मा ४५.९० रहेकोमा २०६७ मा उपलब्धिमा वृद्धिभई ५४.६१ पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि २०६६ मा ४०.३२ रहेकोमा २०६७ मा वढेर ४८.२३ पुगेको पाइयो । छात्रवृत्ति नपाउने कक्षा २ का विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०६६ मा ४७.३० रहेकोमा २०६७ मा उपलब्धिमा वृद्धिभई ५०.२३ पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि २०६६ मा ४२.१९ रहेकोमा २०६७ मा वढेर ४५.९० पुगेको पाइयो । छात्रवृत्ति नपाउने कक्षा ३ का विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०६६ मा ४७.६१ रहेकोमा २०६७ मा उपलब्धिमा वृद्धिभई ४९.३३ पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि २०६६ मा ४४.६४ रहेकोमा २०६७ मा वढेर ५४.७६ पुगेको पाइयो । छात्रवृत्ति नपाउने कक्षा ४ का विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०६६ मा ५३.११ रहेकोमा २०६७ मा उपलब्धिमा वृद्धिभई ५८.४२ पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि २०६६ मा ४५.१३ रहेकोमा २०६७ मा वढेर ४९.३८ पुगेको पाइयो । छात्रवृत्ति नपाउने कक्षा ५ का विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०६६ मा ४९.५० रहेकोमा २०६७ मा उपलब्धिमा वृद्धिभई ५२.४७ पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि २०६६ मा ४५.९१ रहेकोमा २०६७ मा वढेर ४७.६६ पुगेको पाइयो ।

को विगत वर्षहरूको कक्षागत सिकाइ उपलब्धिको विश्लेषण गर्दा सीमान्तकृत र गैर सीमान्तकृत वीचमा धेरै अन्तर पाइयो । केहि कक्षाहरूमा त दुवै प्रकारका विद्यार्थीहरूको

वीचमा लगभग १० अङ्क सम्मको अन्तर पाइयो । शैक्षिक सत्र २०६७ मा कक्षा ४ मा अध्ययनरत सीमान्तकृत विद्यार्थीहरूको सिकाइ उपलव्धि ४९ रहेकोमा गैर सीमान्तकृतहरूको सोहि कक्षामा ५८ रहेको पाइयो । त्यस्तै अन्य कक्षाहरूमा पनि लगभग ५ अङ्क को हाराहारीमा अन्तर रहेको पाइयो ।

तालिका ९ : श्री मङ्गलमय उ.मा.वि.मा कक्षा १-५ सम्म अध्ययनरत छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीहरूको कक्षागत सिकाइ उपलव्धि

| कक्षा | छात्रवृत्ति नपाउनेको सिकाइ उपलव्धि | | छात्रवृत्ति पाउनेको सिकाइ उपलव्धि | |
|---|---|---|---|---|
| | २०६६ | २०६७ | २०६६ | २०६७ |
| १ | ४०.८० | ४४.७६ | ४२.८७ | ४३.२२ |
| २ | ४२.१९ | ४८.९८ | ४५.९० | ४५.३४ |
| ३ | ४४.६४ | ४५.६२ | ४५.३३ | ४६.७८ |
| ४ | ४५.१९ | ५३.२१ | ४२.४१ | ४४.९४ |

| | | | | |
|---|---|---|---|---|
| ५ | ४५.९० | ४७.१२ | ४४.९२ | ४५.३२ |

स्रोत : विद्यालय अभिलेख, २०६६/०६७

श्री मङ्गलमय उ.मा.वि. छात्रवृत्ति नपाउने कक्षा १ का विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०६६ मा ४०.८० रहेकोमा २०६७ मा उपलब्धिमा वृद्धिभई ४४.७६ पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि २०६६ मा ४२.८७ रहेकोमा २०६७ मा वढेर ४३.२२ पुगेको पाइयो । छात्रवृत्ति नपाउने कक्षा २ का विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०६६ मा ४२.१९ रहेकोमा २०६७ मा उपलब्धिमा वृद्धिभई ४८.९८ पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि २०६६ मा ४५.९० रहेकोमा २०६७ मा ४५.३४ पुगेको पाइयो । छात्रवृत्ति नपाउने कक्षा ३ का विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०६६ मा ४४.६४ रहेकोमा २०६७ मा उपलब्धिमा वृद्धिभई ४५.६२ पुगेको पाइयो भने छात्रवृत्ति पाउेको सिकाइ उपलब्धि २०६६ मा ४५.३३ रहेकोमा २०६७ मा वढेर ४६.७८ पुगेको पाइयो ।

छात्रवृत्ति नपाउने कक्षा ४ का विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०६६ मा ४५.१९ रहेकोमा २०६७ मा उपलब्धिमा वृद्धिभई ५३.२१ पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि २०६६ मा ४२.४१ रहेकोमा २०६७ मा वढेर ४४.९४ पुगेको पाइयो । छात्रवृत्ति नपाउने कक्षा ५ का विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि शैक्षिक सत्र २०६६ मा ४५.९० रहेकोमा २०६७ मा उपलब्धिमा वृद्धिभई ४७.१२ पुगेको पाइयो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि २०६६ मा ४४.९२ रहेकोमा २०६७ मा वढेर ४५.३२ पुगेको पाइयो ।

मा शैक्षिक सत्र २०६६ मा सीमान्तकृत छात्रवृत्ति पाउने बालबालिकाहरूको कक्षागत सिकाइ उपलब्धि अन्यको तुलनामा राम्रो रहेको पाइयो । कक्षा चार र पाँच वाहेक अन्य कक्षाहरूमा उनीहरूको सिकाइ उपलब्धि उच्च रहेको छ । शैक्षिक सत्र २०६७ मा भने कक्षा तीनमा मात्र सीमान्तकृत विद्यार्थीको सिकाइ उपलब्धि राम्रो रहेको र वाँकी कक्षाहरूमा भने गैर सीमान्तकृत विद्यार्थीहरूको सिकाइ उपलब्धि उच्च रहेको  पाइयो । केहि कक्षाहरूमा त दुई वीचको शैक्षिक उपलब्धिमा निकै धेरै अन्तर समेत पाइयो ।

तालिका १० : सीमान्तकृत बालबालिकाहरूको छात्रवृत्ति प्राप्त गर्दा र नगर्दाको

कक्षा ४ र ५ को सिकाइ उपलब्धि

| विद्यालय | छात्रवृत्ति प्राप्त नगर्दा | | | | छात्रवृत्ति प्राप्त गर्दा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०६३ | | २०६४ | | २०६६ | | २०६७ | |
| | कक्षा ४ | कक्षा ५ | कक्षा ४ | कक्षा ५ | कक्षा ४ | कक्षा ५ | कक्षा ४ | कक्षा ५ |
| कमला मदनआश्रित | ४०.३५ | ३९.६७ | ४१.४३ | ३९.८९ | ५८.४२ | ५२.४७ | ६०.८४ | ५२.५१ |
| कञ्चनजंघा | ४२.३७ | ३८.२० | ४१.८१ | ३९.१२ | ५०.४१ | ४४.९२ | ५५.१० | ४६.७१ |
| मोती | ४१.९० | ४०.६९ | ३७.६२ | ४०.११ | ४५.१९ | ४५.९० | ४५.४५ | ४६.०० |
| लक्ष्मी नारायण | ४३.२१ | ४१.०९ | ४१.०० | ४०.१६ | ५०.१३ | ४५.३२ | ५०.३४ | ४६.२३ |
| सिद्धदेवी | ३८.९० | ३९.८० | ४०.४० | ३९.७२ | ४५.१३ | ४५.९१ | ४९.३८ | ४७.६६ |
| मङ्गलमय | ३९.०९ | ४०.१० | ४०.३२ | ४१.८१ | ४२.४१ | ४४.९२ | ४४.९४ | ४५.३२ |

स्रोत : विद्यालय अभिलेख, २०६६/०६७

सीमान्तकृत  समूदायका बालबालिकाहरूलाई शैक्षिक सत्र २०६५ देखि सीमान्तकृत छात्रवृत्ति प्रदान गरिदै आएको पाइन्छ। सो छात्रवृत्ति प्राप्त गर्नु अघि र पछिको कक्षा ४ र ५ को कक्षगत सिकाइ उपलव्धिको तुलना गर्दा छात्रवृत्ति प्राप्त गरेपश्चात उनीहरूको कक्षागत सिकाइ उपलव्धिमा निकै सुधार आएको पाइन्छ। शैक्षिक सत्र २०६३ र २०६४ मा प्राथमिक तहका बालबालिकाहरूको कक्षागत सिकाइ उपलव्धि ३८ देखि ४३ अङ्कसम्म पाइयो भने शैक्षिक सत्र २०६६ र २०६७ मा कक्षा एक देखि  कक्षा पाँचसम्मको औषत कक्षागत सिकाइ उपलव्धि ४२ देखि ६१ अङ्कसम्म रहेको पाइयो। यसरी सीमान्तकृत छात्रवृत्ति पाए पश्चात प्राथमिक तहका विद्यार्थीहरूको कक्षागत सिकाइ उपलव्धिमा सुधार आएको पाइयो।

नमुना छनौटमा परेका विद्यालयहरू मध्ये छात्रवृत्ति प्राप्त गर्नु अघि श्री लक्ष्मी नारायण उ.मा.वि.को सीमान्तकृत समुदायका विद्यार्थीहरूको कक्षागत सिकाइ उपलव्धि अरु विद्यालयको तुलनामा उच्च पाइयो भने सवैभन्दा न्यून सिद्धदेवि प्रा.वि.को रहेको पाइयो। त्यस्तै सीमान्तकृत छात्रवृत्ति पाएपश्चातको सीमान्तकृत विद्यार्थीहरूको कक्षागत सिकाइ उपलव्धिको तुलना गर्दा सवैभन्दा उच्च अङ्क श्री कमला मदनआश्रित उ.मा.वि.को रहेको पाइयो। यस विद्यालयको कक्षा ४ र ५ को औषत सिकाइ उपलव्धि ५० भन्दा माथि रहेको

पाइयो । तुलनात्मकरुपमा श्री मङ्गलमय उ.मा.वि.को दुवै कक्षाको औषत सिकाइ उपलव्धि अन्य विद्यालयहरूको तुलनामा न्यून रहेको पाइयो । यस विद्यालयको सिकाइ उपलव्धि ४५ अङ्क भन्दा कम रहेको पाइयो ।

नमुना छनौटमा परेका सवै विद्यालयहरूको विगत वर्षहरूको कक्षागत सिकाइ उपलव्धिको विश्लेषणवाट छात्रवृत्ति प्राप्त गरेपश्चात सीमान्तकृत समूदायका विद्यार्थीहरूको सिकाइ उपलव्धिमा धेरै सुधार आएको छ । छात्रवृत्ति पाएपश्चात विद्यार्थीहरू नियमित विद्यालय आउनुका साथै अनुत्तिर्ण हुने दरमा पनि कमी आएको जानकारी समेत प्राप्त भयो । यस समूदायका बालबालिकाहरूमा छात्रवृत्तिले अध्ययन कार्यमा उत्प्रेरणा प्रदान गरेको छ ।

### ४.२.२ सीमान्तकृत छात्रवृत्ति प्राप्त विद्यार्थीहरूको कक्षा नियमितता

विद्यार्थीहरू नियमित रुपमा विद्यालयमा उपस्थित भएर पठनपाठन कार्यमा सम्लग्न भएमा उनीहरूको शैक्षिक उपलव्धि पनि राम्रो हुन्छ । विद्यार्थीहरू विद्यालयमा नियमित उपस्थित हुने कार्यमा धेरै कुराहरूले असर पुऱ्याएको हुन्छ । त्यसमध्ये छात्रवृत्ति पनि एक महत्वपुर्ण कारण हो । नमुना छनौटमा परेका विद्यालयहरूमा जम्मा अध्यापन भएको दिन र सीमान्तकृत छात्रवृत्ति प्राप्त गर्ने बालबालिकाहरूको औषत उपस्थिती निम्नानुसार रहेको पाइयो ।

तालिका ११ : सीमान्तकृत समूदायका बालबालिकाहरूको विद्यालयमा उपस्थिती

| क.स. | विद्यालयको नाम | विद्यालयको खुलेको दिन | पढाइभएको दिन | छात्रवृत्ति पाउने विद्यार्थीको उपस्थिती | छात्रवृत्ति नपाउने विद्यार्थीको उपस्थिती |
|---|---|---|---|---|---|
| | कमला मदनआश्रित उ.मा.वि | २२० | १८० | १५६ (८६.७) | १५५ (८६.१) |
| | कञ्चनजंघा नि.मा.वि. | २१९ | १७८ | १६१ (९०.४) | १६० (८९.९) |
| | मोती उ.मा.वि. | २२० | १८० | १६५ (९१.७) | १६२ (९०.० ) |
| | लक्ष्मी नारायण उ.मा.वि. | २२० | १८१ | १५९ (८८.३) | १६२ (८९.५ ) |
| | सिद्धदेवी प्रा.वि. | २१८ | १७७ | १६० (९०.४ ) | १५८ (८९.३) |

| | | | | | |
|---|---|---|---|---|---|
| | मङ्गलमय उ.मा.वि. | २२० | १८० | १६७ (९२.८) | १६५ (९१.६) |
| औषत | | २२० | १७९ | १६१ (८९.९) | १६० (८९.४ ) |

स्रोत : विद्यालय अभिलेख, २०६७

कमला मदनआश्रित उ.मा.वि.मा जम्मा २२० दिन विद्यालय खुलेकोमा १८० दिन अध्यापन कार्य संचालन भएको पाइयो । सो विद्यालयमा सीमान्तकृत छात्रवृत्ति पाउने विद्यार्थीहरूको औषत विद्यालय उपस्थिती १५६ दिन अर्थात ८६.७ प्रतिशत रहेको र छात्रवृत्ति नपाउने विद्यार्थीहरूको औषत विद्यालय उपस्थिती १५५ दिन अर्थात ८६.१ प्रतिशत रहेको पाइयो । कमला कञ्चनजंघा नि.मा.वि.मा जम्मा २१९ दिन विद्यालय खुलेकोमा १७८ दिन अध्यापन कार्य संचालन भएको पाइयो । सो विद्यालयमा सीमान्तकृत छात्रवृत्ति पाउने विद्यार्थीहरूको औषत विद्यालय उपस्थिती १६१ दिन अर्थात ९०.४ प्रतिशत रहेको र छात्रवृत्ति नपाउने विद्यार्थीहरूको औषत विद्यालय उपस्थिती १६० दिन अर्थात ८९.९ प्रतिशत रहेको पाइयो । मोती उ.मा.वि.मा जम्मा २२० दिन विद्यालय खुलेकोमा १८० दिन अध्यापन कार्य संचालन भएको पाइयो । सो विद्यालयमा सीमान्तकृत छात्रवृत्ति पाउने विद्यार्थीहरूको औषत विद्यालय उपस्थिती १६५ दिन अर्थात ९१.७ प्रतिशत रहेको र छात्रवृत्ति नपाउने विद्यार्थीहरूको औषत विद्यालय उपस्थिती १६२ दिन अर्थात ९०.० प्रतिशत रहेको पाइयो ।

लक्ष्मी नारायण उ.मा.वि.मा जम्मा २२० दिन विद्यालय खुलेकोमा १८१ दिन अध्यापन कार्य संचालन भएको पाइयो । सो विद्यालयमा सीमान्तकृत छात्रवृत्ति पाउने विद्यार्थीहरूको औषत विद्यालय उपस्थिती १५९ दिन अर्थात ८८.३ प्रतिशत रहेको र छात्रवृत्ति नपाउने विद्यार्थीहरूको औषत विद्यालय उपस्थिती १६२ दिन अर्थात ८९.५ प्रतिशत रहेको पाइयो ।

सिद्धदेवी प्रा.वि.मा जम्मा २१८ दिन विद्यालय खुलेकोमा १७७ दिन अध्यापन कार्य संचालन भएको पाइयो । सो विद्यालयमा सीमान्तकृत छात्रवृत्ति पाउने विद्यार्थीहरूको औषत विद्यालय उपस्थिती १६० दिन अर्थात ९०.४ प्रतिशत रहेको र छात्रवृत्ति नपाउने विद्यार्थीहरूको औषत विद्यालय उपस्थिती १५८ दिन अर्थात ८९.३ प्रतिशत रहेको पाइयो । मङ्गलमय उ.मा.वि. मा जम्मा २२० दिन विद्यालय खुलेकोमा १८० दिन अध्यापन कार्य संचालन भएको पाइयो । सो विद्यालयमा सीमान्तकृत छात्रवृत्ति पाउने विद्यार्थीहरूको औषत विद्यालय उपस्थिती १६७

दिन अर्थात ९२.८ प्रतिशत रहेको र छात्रवृत्ति नपाउने विद्यार्थीहरूको औषत विद्यालय उपस्थिती १६५ दिन अर्थात ९१.६ प्रतिशत रहेको पाइयो ।

नमुना छनौटमा परेका विद्यालयहरूको औषत विद्यालय खुलेको दिन २२० भएपनि अध्यापन कार्य भएको दिन भने औषत १७९ रहेको छ । सवैभन्दा वढि पढाइ लक्ष्मी नारायण उ.मा.वि मा र सवै भन्दा कम पढाइ सिद्धदेवी प्रा.वि.मा भएको पाइयो । शैक्षिक सत्र २०६७ मा सीमान्तकृत विद्यार्थीहरूको औषत विद्यालयमा उपस्थिती  गैह्र सीमान्तकृत भन्दा वढि रहेको पाइयो । अधिकांश विद्यालयको तथ्याङ्क विश्लेषण गर्दा  सीमान्तकृतहरूको उपस्थिती अन्यको भन्दा वढि पाइएकाले यस्तो सकारात्मक आउनुको प्रमुख कारण छात्रवृत्ति प्रादान गर्नु नै रहेको पाइयो । छात्रवृत्ति पाउनेहरू मध्ये सवैभन्दा वढि उपस्थिती मङ्गलमय उ.मा.वि.को र नपाउनेमा पनि सोहि विद्यालयको उपस्थिती वढि रहेको पाइयो । छात्रवृत्ति प्राप्त गर्नु अघिसम्म सीमान्तकृत समुदायका बालबालिकाहरूको न्यून उपस्थिती रहने गरेको र छात्रवृत्ति प्रदान गर्न थालेपछि सो उपस्थिती दरमा सुधार आएको जानकारी प्र.अ.तथा शिक्षकहरूले दिए ।

### ४.२.३ कक्षा दोहोऱ्याउने दर

सीमान्तकृत छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने वीचमा कक्षा दोहोऱ्याउने दरमा खासै भिन्नता पाइएन । कक्षा शिक्षकहरूले दिएको जानकारी अनुसार उदार कक्षोन्नती लागु गरिएका कक्षाहरूमा स्वभाविकरुपमा कक्षा दोहोऱ्याउने दर न्यून छ । सीमान्तकृत बालबालिकाहरू विद्यालय नियमितरुपमा आउने गरेका र घरमा गएपछि घरमा अध्ययन गर्ने तथा गृहकार्य गर्ने कार्यमा प्रगति भएको जानकारी पाइयो । अधिकांश अभिभावकहरू आफ्ना बालबालिकाहरूलाई माथिल्लो कक्षासम्म अध्यापन गराउने भन्दापनि छात्रवृत्ति पाउञ्जेलसम्म पढाउने र छात्रवृत्ति पाउन छोडेपछि वालवालिकहरूलाई विद्यालय पठाउने कार्यकोपनि अन्त्य गर्नुपर्ने वाध्यता भएको वताउँछन् । नमुना छनौटमा परेका विद्यालयहरूको प्राथमिक तहको कक्षा दोहोऱ्याउने दर निम्नानुसार रहेको पाइयो ।

तालिका १२ : प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको विवरण

| क.सं. | विद्यालयको नाम | कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको विवरण | |
|---|---|---|---|
| | | २०६६ | २०६७ |

| | | जम्मा | सीमान्तकृत | प्रतिशत | जम्मा | सीमान्तकृत | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | कमला मदनआश्रित उ.मा.वि. | ३ | – | – | २ | – | – |
| २ | कञ्चनजंघा नि.मा.वि. | ४ | १ | २५.० | ४ | १ | २५.० |
| ३ | मोती उ.मा.वि. | ४ | २ | ५०.० | ३ | २ | ६६.६ |
| ४ | लक्ष्मी नारायण उ.मा.वि. | ६ | २ | ३३.३ | ३ | १ | ३३.३ |
| ५ | सिद्धदेवी प्रा.वि. | ३ | १ | ३३.३ | २ | – | – |
| ६ | मङ्गलमय उ.मा.वि. | ५ | २ | ४०.० | ३ | १ | ३३.३ |
| जम्मा | | २५ | ८ | ३२.० | १७ | ५ | २९.४ |

स्रोत : विद्यालय अभिलेख, २०६६/०६७

श्री कमला मदनआश्रित उ.मा.वि.को शैक्षिक सत्र २०६६ मा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको संख्या ३ रहेकोमा सीमान्तकृत समुदायका कोहिपनि विद्यार्थीहरूले कक्षा दोहोऱ्याएको  पाइएन । त्यसैगरी शैक्षिक सत्र २०६७ मा ३ जनाले कक्षा दोहोऱ्याएकोमा सीमान्तकृत समुदायका कसैले पनि कक्षा नदोहोऱ्याएको पाइयो । श्री कञ्चनजंघा नि.मा.वि.को शैक्षिक सत्र २०६६ मा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको संख्या ४ रहेकोमा सीमान्तकृत समुदायका १ जना अर्थात २५.०% विद्यार्थीले कक्षा दोहोऱ्याएको पाइयो । त्यसैगरी शैक्षिक सत्र २०६७ मा ४ जना अर्थात २५.०% ले कक्षा दोहोऱ्याएकोमा सीमान्तकृत समुदायका १ जनाले कक्षा दोहोऱ्याएको पाइयो । श्री मोती उ.मा.वि.को शैक्षिक सत्र २०६६ मा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको संख्या ४ रहेकोमा सीमान्तकृत समुदायका २ जना अर्थात ५०.०% विद्यार्थीले कक्षा दोहोऱ्याएको पाइयो । त्यसैगरी शैक्षिक सत्र २०६७ मा ३ जनाले किक्षा दोहोऱ्याएकोमा सीमान्तकृत समुदायका २ जना अर्थात ६६.६% ले कक्षा दोहोऱ्याएको पाइयो ।

श्री लक्ष्मी नारयण उ.मा.वि.को शैक्षिक सत्र २०६६ मा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको संख्या ६ रहेकोमा सीमान्तकृत समुदायका २ जना अर्थात ३३.३% विद्यार्थीले कक्षा दोहोऱ्याएको पाइयो । त्यसैगरी शैक्षिक सत्र २०६७ मा ३ जनाले किक्षा दोहोऱ्याएकोमा सीमान्तकृत समुदायका १ जना अर्थात ३३.३% ले कक्षा दोहोऱ्याएको पाइयो । श्री सिद्धदेवी प्रा.वि.को शैक्षिक सत्र २०६६ मा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको संख्या ३ रहेकोमा

सीमान्तकृत समुदायका १ जना अर्थात ३३.३% विद्यार्थीले कक्षा दोहोऱ्याएको पाइयो । त्यसैगरी शैक्षिक सत्र २०६७ मा २ जनाले किक्षा दोहोऱ्याएकोमा सीमान्तकृत समुदायका कसैले पनि कक्षा दोहोऱ्याएको पाइएन । श्री मङ्गलमय उ.मा.वि.को शैक्षिक सत्र २०६६ मा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको संख्या ५ रहेकोमा सीमान्तकृत समुदायका २ जना अर्थात ४०.०% विद्यार्थीले कक्षा दोहोऱ्याएको पाइयो । त्यसैगरी शैक्षिक सत्र २०६७ मा ३ जनाले किक्षा दोहोऱ्याएकोमा सीमान्तकृत समुदायका १ जना अर्थात ३३.३% ले कक्षा दोहोऱ्याएको पाइयो ।

शैक्षिक सत्र २०६६/६७ को प्रा.वि.तहको प्रत्येक विद्यालयको कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको विवरणको अध्ययन गर्दा विद्यालय नै पिच्छे फरक-फरक रहेको पाइयो । छनौटमा परेका विद्यालयहरू मध्ये श्री कमला मदनआश्रित उ.मा.वि. मा सीमान्तकृत विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने दर शुन्य रहेको पाइयो । लक्ष्मी नारयण उ.मा.वि. र मङ्गलमय उ.मा.वि. मा भने कक्षा दोहोऱ्याउने दर अन्यको तुलनामा वढि रहेको पाइयो । अघिल्लो शैक्षिक सत्रको तुलनामा पछिल्लो शैक्षिक सत्रमा कक्षा दोहोऱ्याउने दरमा कमी आएको पाइयो । अन्य विद्यालयमा मात्र न्यून संख्यामा कक्षा दाहोऱ्याउने विद्यार्थीहरू रहेको पाइायो । यसरी समग्रमा हेर्दा सीमान्तकृत छात्रवृत्तिले प्राथमिक तहमा यस समूदायका बालबालिकाहरूलाई अध्ययन कार्यमा उत्प्रेरणा प्रदान गरेको छ । नमुना छनौटमा परेका विद्यालयमा सीमान्तकृत समूदायका बालबालिकाहरूको कक्षा दोहोऱ्याउने दरमा कमी आएको छ । विद्यालयका प्रधानाध्यापकहरूले दिएको जानकारी अनुसार यो छात्रवृत्ति प्रदान गर्नु पहिले सीमान्तकृत समूदायका अधिकांश विद्यार्थीहरू अध्ययन कार्यमा  औपचारिकताका लागिमात्र लाग्ने गरेको पाइन्थ्यो भने हाल विद्यार्थीहरू अध्ययन कार्यमा मेहनतसाथ लाग्ने गरेको पाइन्छ फलस्वरुप उत्तिर्ण हुने दरमा पनि प्रसस्तै सुधार आएकाले कक्षा दोहोऱ्याउने दरमा कमी आएको छ ।

## ४.२.४ सीमान्तकृत छात्रवृत्ति प्राप्तगर्ने विद्यार्थीहरूका व्यवहारिक परिवर्तन

छात्रवृत्तिको उद्देश्य भनेको विद्यार्थीहरलाई अध्ययन कार्यलाई सहयोग पुऱ्याउनु, अध्ययन कार्यलाई निरन्तरता प्रदान गर्नु, सफलताका लागि उत्प्रेरण प्रदान गर्नु हो । छात्रवृत्ति प्राप्त गर्नुपूर्व र प्राप्त गरे पश्चात विद्यार्थीहरूको आचरण, व्यवहार, उपलव्धि, मनोवल, अनुसासन, सरसफाइ लगायत कुराहरूमा परिवर्तन आएको जानकारी उत्तरदाताहरूवाट

प्राप्त भएको छ । यस प्रसङ्गमा विद्यालयका प्र.अ., शिक्षक तथा अभिभावकहरूसँग गरिएको कुराकानी, छलफल तथा प्रश्नावलीको उत्तरका आधारमा प्राप्त विवरणहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका १३ : सीमान्तकृत छात्रवृत्ति प्राप्तगर्ने विद्यार्थीहरूका व्यवहारिक परिवर्तन

| क.सं. | परिवर्तन भएका कुरा | उत्तरदाताहरू | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | अभिभावक | जम्मा | |
| १ | उत्प्रेरणा | २ | ६ | ४ | १२ | ३३.३ |
| २ | आचरण | ३ | ८ | ९ | २० | ५५.६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | नियमितता | ४ | ९ | १३ | २६ | ७२.२ |
| ४ | उपलव्धी | ५ | १० | १५ | ३० | ८३.३ |
| ५ | मनोवल | १ | २ | ३ | ६ | १६.७ |
| ६ | अनुसासन | २ | ९ | ४ | १५ | ४१.७ |
| ७ | सरसफाइ | २ | ८ | १० | २० | ५५.६ |
| ८ | गृहकार्य | ३ | ९ | ७ | १९ | ५२.८ |
| ९ | अध्ययन सामग्री वोक्ने वानी | ४ | १० | १५ | २९ | ८०.६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

नमुना छनौटमा परेका उत्तरदाताहरू मध्ये १२ जना अर्थात ३३.३ प्रतिशतले सिमान्तकृत छात्रवृत्ति प्राप्त भएपछि विद्यार्थीहरूमा उत्प्रेरणामा वृद्धि भएको प्रतिक्रिया दिएका छन् । त्यसरी उत्तर दिनेहरूमा २ जना प्र.अ., ६ जना शिक्षक र ४ जना अभिभावकहरू रहेको पाइयो । नमुना छनौटमा परेका उत्तरदाताहरू मध्ये २० जना अर्थात ५५.६ प्रतिशतले सिमान्तकृत छात्रवृत्ति प्राप्त भएपछि विद्यार्थीहरूको आचरणमा सकारात्मक परिवर्तन आएको प्रतिक्रिया दिएका छन् । त्यसरी उत्तर दिनेहरूमा ३ जना प्र.अ., ८ जना शिक्षक र ९ जना अभिभावकहरू रहेको पाइयो । नमुना छनौटमा परेका उत्तरदाताहरू मध्ये २६ जना अर्थात ७२.२ प्रतिशतले सिमान्तकृत छात्रवृत्ति प्राप्त भएपछि विद्यार्थीहरूमा विद्यालय नियमिततामा वृद्धि भएको प्रतिक्रिया दिएका छन् । त्यसरी उत्तर दिनेहरूमा ४ जना प्र.अ., ९ जना शिक्षक र १३ जना अभिभावकहरू रहेको पाइयो ।

उत्तरदाताहरू मध्ये ३० जना अर्थात ८३.३ प्रतिशतले सिमान्तकृत छात्रवृत्ति प्राप्त भएपछि विद्यार्थीहरूको सिकाइ उपलव्धिमा सुधार आएको वताएका छन् । त्यसरी उत्तर दिनेहरूमा ५ जना प्र.अ., १० जना शिक्षक र १५ जना अभिभावकहरू रहेको पाइयो । उत्तरदाताहरू मध्ये ६ जना अर्थात १६.७ प्रतिशतले सिमान्तकृत छात्रवृत्ति प्राप्त भएपछि विद्यार्थीहरूमा

मनोवलमा वृद्धि भएको प्रतिक्रिया दिएका छन् । त्यसरी उत्तर दिनेहरूमा १ जना प्र.अ., २ जना शिक्षक र ३ जना अभिभावकहरू रहेको पाइयो । नमुना छनौटमा परेका उत्तरदाताहरू मध्ये १५ जना अर्थात ४१.७ प्रतिशतले सिमान्तकृत छात्रवृत्ति प्राप्त भएपछि विद्यार्थीहरू अनुसासित भएको वताएका छन् । त्यसरी उत्तर दिनेहरूमा २ जना प्र.अ., ९ जना शिक्षक र ४ जना अभिभावकहरू रहेको पाइयो । उत्तरदाताहरू मध्ये २० जना अर्थात ५५.६ प्रतिशतले सिमान्तकृत छात्रवृत्ति प्राप्त भएपछि विद्यार्थीहरू सफासुग्घर भएर विद्यालय जानेगरेको जानकारी दिए । त्यसरी उत्तर दिनेहरूमा २ जना प्र.अ., ८ जना शिक्षक र १० जना अभिभावकहरू रहेको पाइयो । उत्तरदाताहरू मध्ये १९ जना अर्थात ५२.८ प्रतिशतले सिमान्तकृत छात्रवृत्ति प्राप्त भएपछि विद्यार्थीहरूले नियमित रुपमा गृहकार्य गर्ने गरेको जानकारी दिए । त्यसरी उत्तर दिनेहरूमा ३ जना प्र.अ., ९ जना शिक्षक र ७ जना अभिभावकहरू रहेको पाइयो । उत्तरदाताहरू मध्ये २९ जना अर्थात ८०.६ प्रतिशतले सिमान्तकृत छात्रवृत्ति प्राप्त भएपछि विद्यार्थीहरू अध्ययनका लागि आवश्यक सामग्रीहरू वोकेर विद्यालय जाने गरेको जानकारी दिए । त्यसरी उत्तर दिनेहरूमा २ जना प्र.अ., ८ जना शिक्षक र १० जना अभिभावकहरू रहेको पाइयो ।

शिक्षक तथा प्र.अ.हरूले दिएको जानकारी अनुसार छात्रवृत्ति पाए पश्चात विद्यार्थीहरूमा प्रसस्तै परिवर्तनहरू देखापरेका छन् । उनीहरूमा विद्यालय नियमित जानुपर्छ भन्ने भावनाको विकास भएको छ । विद्यालय जादा अध्ययनका लागि आवश्यक पर्ने सामग्रीहरू वोकेर जाने गरेको पाइएको । छात्रवृत्तिले विद्यार्थीहरूको शैक्षिक उपलव्धिमा सकारात्मक प्रभाव पारेको छ । उत्तर दातहरू मध्ये सवैभन्दा वढि ८३ प्रतिशतले विद्यार्थीहरूको कक्षागत उपलव्धिमा प्रभाव पारेको जानकारी गराएका छन् । त्यसैगरी ८० प्रतिशत उत्तरदातहरूले अध्ययन सामग्री वोकेर विद्यालय जाने गरेको, ७२ प्रतिशतले विद्यालय नियमिततामा वृद्धि भएको जानकारी दिएका छन् । सवै भन्दा कम उत्तरदाताले मात्र छात्रवृत्तिले विद्यार्थीहरूको अध्ययन कार्यमा मनोवल वढाएको वताएका छन् । शैक्षिक सामग्रीहरू विना नै विद्यालय आउने बालबालिकाहरू छात्रवृत्ति पाएपश्चात आवश्यक सामग्रीहरू वोकेर विद्यालय जान्छन् । उनीहरूले पढाइलाई समेत महत्व दिएको अवस्था छ । यसका अतिरिक्त उनीहरूले नियमित गृहकार्य गर्नुका साथै सरसफाइमा समेत ध्यान पुर्‍याएको पाइएको छ । बालबालिकाहरूलाई विद्यालय पठाउन खर्च जुटाउनु नपरेपछि अभिभावकहरूले पनि आफ्ना बालबालिकाहरूलाई विद्यालय पोशाक लगाएर सरसफाइमा ध्यान पुर्‍याएर विद्यालय पठाउने

गरेको पाइयो । छात्रवृत्ति प्राप्त गर्नु अगाडि अधिकांश बालबालिकाहरू विद्यालय नआउने गरेकाले विद्यालय आउने बालबालिकाहरूको सरसंगत पनि तिनै विद्यालय नआउने बालबालिकाहरूसँग हुन्थ्यो तर हाल आएर अधिकांश विद्यालय उमेरका बालबालिकाहरू विद्यालय आउने भएपछि सवैको सरसंगत नै विद्यार्थीहरू माझ मात्र हुने भएकाले उनीहरू अनुशासित भएको पाइएको छ ।

## ४.३ सीमान्तकृत छात्रवृत्ति कार्यक्रमका समस्याहरू

नमुना छनौटमा परेका विद्यालयका शिक्षक तथा प्र.अ. हरूसँगको कुराकानी, अभिभावकहरूले गरेका गुनासा तथा उनीहरूसँग गरिएको छलफलका आधारमा सीमान्तकृत छात्रवृत्ति वितरण गर्ने कार्यमा प्रसस्तै समस्याहरू रहेको पाइयो । समयमा छात्रवृत्ति रकम नवाडिएको, सीमान्तकृत समुदायका बालबालिकाहरूलाई एकभन्दा वढि विद्यालयमा भर्ना गरिएको, छात्रवृत्ति वापतको रकम कम भएको, छात्रवृत्ति रकममा असमानता भएको, छात्रवृत्ति प्रदान गरिएपछि सो रकम सही काममा प्रयोग भए नभएको वारेमा निरिक्षण तथा अनुगमन नगरिएकोले कार्यक्रम प्रभावकारी हुन नसकेको जस्ता समस्याहरू रहेको पाइयो । यसरी प्राप्त भएका गुनासा तथा जानकारीका आधारमा सीमान्तकृत छात्रवृत्ति कार्यक्रमका समस्याहरूलाई निम्न तालिकामा देखाएर चर्चा गरिएको छ ।

तालिका १५ : सीमान्तकृत छात्रवृत्ति कार्यक्रमका समस्याहरू

| क्र.स. | कार्यक्रमका समस्याहरू | उत्तरदाताहरू | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | अभिभावक | स्रोतव्यक्ति | | |
| १ | रकम शैक्षिक सत्रको शुरुमा वितरण नगरिनु | २ | ७ | ५ | – | १४ | ३७.८ |
| २ | रकम निर्धारित काममा नलगाउनु | ३ | ६ | १ | १ | ११ | २९.७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | दोहोरो छात्रवृत्ति प्राप्त गर्ने प्रयास गरिनु | ४ | ८ | – | १ | १३ | ३५.१ |
| ४ | छात्रववृत्ति नपाउनेमा मनोवैज्ञानिक असर पर्नु | २ | ५ | ५ | १ | १३ | ३५.१ |
| ५ | रकम अपर्याप्त हुनु | ५ | ८ | १३ | १ | २७ | ७३.० |
| ६ | अनुगमन तथा निरिक्षणमा कमी | ४ | ७ | ४ | – | १५ | ४०.५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

सीमान्तकृत समुदायका बालबालिकाहरूलाई प्रदान गरिदै आएको रकम शैक्षिक सत्रको शुरुमा नै वितरण नगरिएकाले समस्या उत्पन्न भएको जानकारी १४ जना उत्तरदाताहरूले दिएका छन् । त्यसरी प्रतिक्रिया जनाउनेहरूमा २ जना प्र.अ., ७ जना शिक्षक, ५ जना अभिभावक रहेका छन् । यस विषयमा स्रोतव्यत्तिले कुनै प्रतिक्रिया दिएका छनन् । छात्रवृत्ति वापतको रकम बालबालिकाहरूको सिकाइ कार्यमा नै खर्च गर्नुपर्नेमा अन्य प्रयोजनमा खर्च गरेकाले समस्या उत्पन्न भएको जानकारी ११ जना उत्तरदाताहरू अर्थात ३७.८ प्रतिशतले दिएका छन् । त्यसरी प्रतिक्रिया जनाउनेहरूमा ३ जना प्र.अ., ६ जना शिक्षक, १ जना अभिभावक र १ जना स्रोतव्यक्ति रहेका छन् । यस समुदायका अभिभावकहरूले एक भन्दा वढि विद्यालयमा आफ्ना बालबालिकाहरूलाई भर्ना गर्ने र छात्रवृत्ति लिने प्रयास गरेको जानकारी १३ जना उत्तरदाताहरूले दिएका छन् । त्यसरी प्रतिक्रिया जनाउनेहरूमा ४ जना प्र.अ., ८ जना शिक्षक, र १ जना स्रोतव्यक्ति रहेका छन् । अभिभावकहरूले भने सो विषयमा केही वताएनन् ।

आफूजस्तै अन्य समुदायका बालबालिकाहरूले छात्रवृत्ति वापत रकम प्राप्त गर्दा छात्रवृत्ति नपाएका गरिव परिवारका बालबालिकाहरूमा मनोवैज्ञानिक असर पर्ने गरेको जानकारी १३ (३५.१%) जना उत्तरदाताहरूले दिएका छन् । त्यसरी प्रतिक्रिया जनाउनेहरूमा २ जना प्र.अ., ५ जना शिक्षक, ५ जना अभिभावक र १ जना स्रोतव्यक्ति रहेका छन् । उत्तरदाताहरूमध्ये ७७ प्रतिशत अर्थात २७ जनाले हाल प्रदान गरिदै आएको रकम अपर्याप्त भएकाले समस्या उत्पन्न भएको जानकारी दिएका छन् । त्यसरी उत्तर दिनेहरूमा ५ जना

प्र.अ., ८ जना शिक्षक, १३ जना अभिभावक र १ जना स्रोतव्यक्ति रहेका छन् । नियमित अनुगमन तथा निरिक्षण नभएका कारण पनि समस्या उत्पन्न हुने गरेको जानकारी ४ जना प्र.अ., ७ जना शिक्षक, ४ जना अभिभावक गरी जम्मा १५ जना अर्थात ४०.५ प्रतिशतले दिएका छन् । यस विषयमा स्रोतव्यक्तिले कुनै जानकारी दिएनन् ।

नमुना छनौटमा परेका दुईवटा विद्यालयहरूले सीमान्तकृत छात्रवृत्ति वापतको रकम शैक्षिक सत्रको शुरुमा नै वितरण नगरेको पाइयो । नमुना छनौटमा परेका उत्तरदाताहरू मध्ये ३८ प्रतिशतले शैक्षिक सत्रको शुरुमा नै छात्रवृत्तिको रकम वितरण नगरेकाले समस्या उत्पन्न हुनेगरेको वताएका थिए । त्यसमा पनि सवैभन्दा वढि शिक्षककहरूले सो समस्याका वारेमा कुरा उठाएका थिए ।  समयमा नै रकम वितरण नगर्दा बालबालिकाहरूलाई आवश्यक पर्ने शैक्षिक सामग्रीहरू समयमा नै उपलव्ध गराउन कठिन पर्ने भएकाले बालबालिकाहरूको अध्ययन कार्यमा वाधा उत्पन्न हुने गरेको गुनासो केहि अभिभावकहरूले गरेको पाइयो । यसरी विद्यालयमा भर्ना हुने वित्तिकै छात्रवृत्ति नपाउदा विद्यार्थीहरूलाई आवश्यक पर्ने कापीकलम लगायतका शैक्षिक सामग्रीहरूको जोहो गर्न कठिन हुने भएकाले बालबालिकाहरूको अध्ययन कार्यमा वाधा उत्पन्न हुने गरेको गुनासो अभिभावकहरूको रहेको पाइयो । शिक्षकहरूले पनि सो करामा सहमति जनाएको पाइयो । केहि बालबालिकाहरू पछि छात्रवृत्तिको रकम पाएपछि कापीकलम किन्ने भन्दै रित्तै विद्यालय आउने गरेको समेत वताए । यस्तो अवस्थाले शिक्षण सिकाइमा वाधा पुऱ्याउनुका साथै कार्यक्रमलाई समेत प्रभावहीन वनाउन मद्धत पुग्दछ ।

बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गर्नुको मुख्य उद्देश्य उनीहरूलाई विद्यालयमा भर्नाहुन उत्प्रेरित गर्ने, विद्यालयलाई निरन्तरता प्रदान गरी कक्षा छोड्ने दरमा कमी ल्याउने, बालबालिकाहरूलाई आवश्यक पर्ने शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने, उनीहरूको अध्ययन कार्यलाई सहज वनाउने रहको पाइन्छ । सीमान्तकृत समुदायका अधिकांश परिवारहरू आर्थिकरुपमा गरिव भएकाले उनीहरूले छात्रवृत्ति वापत प्राप्त रकम अन्य काममा लगाउने सम्भावना प्रसस्तै रहन्छ । यसै प्रसङ्गमा एक जना प्र.अ.ले एक दिनको घटना सुनाउदै भने छात्रवृत्ति लिनका लागि एकजना विद्यार्थीका वुवाआमा दुवैजना विद्यालय आएकोमा छात्रवृत्ति वापतको रकम कसले वुझ्ने भन्ने वारेका उनीहरू वीचमा नै विवाद भयो । वावुलाई सो रकम दिएमा जाँड खाएर सो रकम सक्ने भएकाले सो रकम उनलाई नदिन वालककी आमाले आग्रह गरिन् भने वावुचाहिँ आमालाई सो रकम दिएमा उनले घरखर्च गरेर सो

रकम सक्ने भएकाले आफूले वच्चालाई आवश्यक पर्ने सामग्री किनिदिने भएकाले सो रकम आफूलाई दिन आग्रह गर्दै थिए ।

एकजना विद्यार्थीका लागि एक शैक्षिक सत्र भरिमा एउटा विद्यालयवाट मात्र सीमान्तकृत छात्रवृत्ति प्राप्त गर्ने व्यवस्था हुन्छ । तर केहि अभिभावकहरूले एउटै विद्यार्थीलाई एक भन्दा वढि विद्यालयमा भर्ना गर्ने र सवै विद्यालयवाट सो रकम प्राप्त गर्ने गरेको जानकारी समेत पाइयो । केहि विद्यार्थीहरूको तीनवटा विद्यालयमा भर्ना विवरण रहेको जानकारी एक जना प्र.अ.ले दिए । विगतमा यस्तो कार्यहुने गरेको जानकारी पाइएपछि यसपटक भने सो अवस्था आउन नदिन सजगता अपनाइएको जानकारी उनले दिए । एक भन्दा वढि विद्यालयमा भर्ना गरेपछि जुन विद्यालयमा छात्रवृत्तिको चर्चा हुन शुरुहुन्छ सोहि विद्यालयमा बालबालिकाहरूलाई पठाउने र सो विद्यालयवाट छात्रवृत्ति पाएपश्चात अर्को विद्यालयमा सोहि विद्यार्थीलाई नियमित रुपमा पठाउने गरेको पाइएको जानकारी पाइयो । यसो गर्दा रकम धेरै हातपर्ने र सो रकम अन्य प्रयोजनमा खर्चगर्न समेत पुग्ने हुनाले त्यसो गरिएको हुन सक्छ ।

आर्थिक अभावका कारण आफ्नो अध्ययन कार्यलाई अगाडि वढाउन नसक्ने अवस्था आएमा छात्रवृत्ति प्रदान गरी अध्ययन कार्यलाई सुचारु वनाउन सहयोग गर्नु पर्ने हो । तर नेपालमा आर्थिक आधारमा भन्दा पनि जातिगत तथा लैङ्गिक आधारमा छात्रवृत्ति वितरण गरिदै आएकको पाइन्छ । ५० % छात्रा छात्रवृत्ति, दलित छात्रवृत्ति तथा सीमान्तकृत तथा अल्पसंख्यक जातजातिहरूलाई प्रदान गरिने छात्रवृत्ति यसका उदाहरण हुन् । यसरी जातिका आधारमा छात्रवृत्ति वितरण गर्दा छात्रवृत्ति नपाउने समुदायका गरिव परिवारका बालबालिकाहरूलाई मनोवैज्ञानिक असर परेको जानकारी ३५ प्रतिशत उत्तरदाताहरूले दिएका छन् । आर्थिक अवस्था अत्यन्तै कमजोर भएका स्वत छात्रवृत्ति नपाउने समुदायका बालबालिकाहरू अरुले छात्रवृत्ति वापतको रकम पाएको देखेर आफूले पनि सो रकम पाउने आशा गर्दछन् तर सो रकम आफूले चाहिँ नपाउदा रुदै घरजाने गरेको समेत जानकारी पाइयो । यसरी घर फर्किएका बालबालिकाहरू केहि दिनसम्म विद्यालय समेत नआउने गरेको जानकारी पाइयो । यसरी छात्रवृत्ति नपाउनुको कारण उनीहरूले आफ्ना अभिभावक तथा शिक्षकहरूलाई सोध्दा जवाफ दिएर चित्त वुझाउन कठिन हुने गरेको उनीहरूले वताए । आफ्ना बालबालिकाहरूलाई राम्रोसँग पढाउन सक्ने हैसियत भएका तर स्वत

छात्रवृत्ति पाउने समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गर्दा अन्य समुदायका गरिव परिवारका बालबालिकाहरूलाई मनोवैज्ञानिक असर परेको अवस्था छ ।

हाल सीमान्तकृत समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति वापतको रकम स्वरुप रु ६०० र रु १७०० प्रदान गरिदै आएको छ । यसरी दुई प्रकारको रकमको प्रावधान चाहिँ हालैको शैक्षिक सत्रवाट लागुभएको जानकारी प्र.अ. हरूले दिए । प्रति १० जना सीमान्तकृत समुदायका बालबालिकाहरू वरावर एकजनालाई रु १७०० प्रदान गर्ने प्रावधान रहेको जानकारी पाइयो । त्यसो भएका कारण अधिकांश विद्यार्थीहरूले रु ६०० मात्र पाउने गर्दछन् । त्यसैले त्यस रकमले विद्यार्थीहरूलाई आवश्यक पर्ने सम्पुर्ण शैक्षिक सामग्रीहरू किन्न नपुग्ने गुनासो अभिभावकहरूको रहेको पाइयो । हालको महङ्गीको तुलनामा सो रकम छात्रवृत्तिको नाममा झारा टार्ने काममात्र भएको गुनासो समेत उनीहरूले गरे । यसरी छात्रवृत्ति वापतको रकम न्यून भएकाले धेरै प्रकारका आसङ्काहरू समेत गर्ने गरेको पाइयो ।

छात्रवृत्ति रकम उपयुक्त समयमा वितरण गरे नगरेको, सो रकमको उद्देश्य अनुसार खर्च भए नभएको, सम्वन्धित व्यक्तिले पाए नपाएको वारेमा निरिक्षण तथा अनुगमन गर्ने गरेको पाइएन । उत्तरदाताहरू मध्ये नियमित अनुगमन तथा निरीक्षण नहुनु पनि छात्रवृत्ति वितरणको  एक समस्या भएको प्रतिक्रिया ४० प्रतिशतले दिएका छन् । त्यहि भएरपनि कतिपय विद्यालयहरूले सो रकम शैक्षिक सत्रको मध्यतिर मात्र वितरण गर्ने गरेको पाइयो । यसरी अनुगमन तथा निरिक्षणको अभावमा समयमा वितरण नहुनुका साथै सो रकम अभिभावकहरूले बालबालिकाहरूको अध्ययन कार्यमा नै खर्च गरे नगरेको समेत जानकारी नभइरहेको अवस्था पाइयो ।

## ४.४ सीमान्तकृत छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी वनाउने उपायहरू

छात्रवृत्ति वितरण कार्यक्रममा प्रसस्तै समस्याहरू रहेको पाइयो । यसरी देखिएका समस्याहरूको समाधानका उपायहरूको खोजिगर्ने क्रममा शिक्षक, अभिभावक, प्र.अ. तथा स्रोतव्यक्तिसँग छलफल तथा प्रश्नावलीका माध्यमवाट समाधानका उपायहरूको खोजी गरिएको छ । यसरी प्राप्त जवाफका आधारमा सीमान्तकृत छात्रवृत्ति कार्यक्रममा देखिएका समस्याहरूको समाधानका लागि निम्नानुसारका उपायहरू तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १६ : सीमान्तकृत छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी वनाउने उपायहरू

| क.सं. | कार्यक्रमलाई प्रभावकारी वनाउने उपायहरू | उत्तरदाताहरू | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | अभिभावक | स्रोत व्यक्ति | | |
| १ | शैक्षिक सत्रको शुरुमा नै छात्रवृत्ति वितरण गरिनुपर्ने | ३ | ६ | ५ | - | १५ | ४०.५ |
| २ | रकम निर्धारित काममा लगाउनु पर्ने | ४ | ९ | २ | १ | १६ | ४३.२ |
| ३ | रकममा वृद्धि गरिनुपर्ने | ४ | ८ | १० | १ | २३ | ६२.२ |
| ४ | दोहोरो भर्ना प्रक्रियालाई निरुत्साहन गरिनुपर्ने | ५ | ७ | २ | १ | १५ | ४०.५ |
| ५ | प्रभावकारी निरीक्षण र अनुगमन गरिनुपर्ने | ३ | ५ | - | - | ८ | २१.६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

नमुना छनौटमा परेका उत्तरदाताहरू मध्ये १५ जना अर्थात ४०.५ प्रतिशतले शैक्षिक सत्रको शुरुमा नै छात्रवृत्ति वितरण गरिनुपर्ने धारणा व्यक्त गरेका गरेका छन् । उक्त धारणा व्यक्त गर्नेहरूमा ३ जना प्र.अ., ६ जना शिक्षक तथा ५ जना अभिभावक रहेका छन् । स्रोत व्यक्तिले यस वारेका कुनै प्रतिक्रिया व्यक्त गरेनन् । उत्तरदाताहरू मध्ये १६ जना अर्थात ४३.२ प्रतिशतले हाल प्रदान गरिदै आएको रकम निर्धारित काममा लगाएमा समस्या समाधान हुने धारणा व्यक्त गरेका गरेका छन् । उक्त धारण व्यक्त गर्नेहरूमा ४ जना प्र.अ. ९ जना शिक्षक तथा २ जना अभिभावक तथा १ जना स्रोतव्यक्ति रहेका छन् । उत्तरदाताहरू मध्ये २३ जना अर्थात ६२.२ प्रतिशतले हाल प्रदान गरिदै आएको रकममा वृद्धि गर्नुपर्ने धारणा व्यक्त गरेका गरेका छन् । उक्त धारण व्यक्त गर्नेहरूमा ४ जना प्र.अ. ८ जना शिक्षक तथा १० जना अभिभावक तथा १ जना स्रोतव्यक्ति रहेका छन् ।

उत्तरदाताहरू मध्ये १५ जना अर्थात ४०.५ प्रतिशतले हाल दोहोरो भर्ना गरेर भर्ना गरिएका सवै विद्यालयवाट छात्रवृत्ति लिने प्रयास गरिएकाले त्यस्तो कार्यलाई निरुत्साहन गरेमा समस्या समाधान हुने धारणा व्यक्त गरेका गरेका छन् । उक्त धारणा व्यक्त गर्नेहरूमा ५ जना प्र.अ. ७ जना शिक्षक तथा २ जना अभिभावक तथा १ जना स्रोतव्यक्ति रहेका छन् । प्रभावकारी निरिक्षण तथा अनुगमन गरिएमा छात्रवृत्ति वितरण कार्यमा देखिएका समस्याहरूको समाधान हुने धारणा उत्तरदाताहरू मध्ये १६ जना अर्थात ४३.२ प्रतिशतले व्यक्त गरेका छन् । उक्त धारणा व्यक्त गर्नेहरूमा ३ जना प्र.अ. र ५ जना शिक्षक रहेका छन् । अभिभावक तथा स्रोतव्यक्तिले सो वारेमा कुनै प्रतिक्रिया व्यक्त गरेका छनन् ।

नमुना छनौटमा परेका विद्यालयहरूमध्ये दुईवटा विद्यालयमा सीमान्तकृत छात्रवृत्ति वितरण गर्ने कार्य शैक्षिक सत्रको वीचमा गर्ने गरेको पाइयो भने वाकि विद्यालयहरूमा शैक्षिक सत्रको शुरुमा नै विद्यार्थी भर्ना भइसकेपछि वितरण गर्ने गरेको पाइयो । शैक्षिक सत्रको वीचमा छात्रवृत्ति वितरण गर्दा लक्षित समुदायका बालबालिकाहरूको लागि आवश्यक शैक्षिक सामग्रीहरूको व्यवस्था गर्न अभिभावकहरूलाई कठिनाइ उत्पन्न हुने र बालबालिकाहरू विद्यालय नजाने सम्भावना हुने हुनाले शैक्षिक सत्रको शुरुमा नै छात्रवृत्ति वितरण गर्नुपर्दछ । यसो गर्न सकिएमा शैक्षिक सत्रको वीचमा वितरण गर्दा आइपर्ने समस्याहरू हल हुन्छन् साथै कार्यक्रम पनि प्रभावकारी हुन्छ ।

छात्रवृत्ति वापत प्राप्त रकम बालबालिकाहरूको अध्ययन कार्यसँग सम्वन्धित कार्यमा वाहेक अन्य कार्यमा प्रयोग गर्न पाइदैन । अनुसन्धानका क्रममा केहि अभिभावकहरूले सो रकमको सही प्रयोग नगरेको अवस्था पाइएको छ । उनीहरूले सो रकम अन्य घरायसी काममा खर्च गरेको पाइयो तर त्यसको मात्रा भने न्यून रहेको छ । सीमान्तकृत छात्रवृत्ति वापत पाउने ६०० रुपैया पनि अन्य काममा खर्चगर्दा बालबालिकाहरूलाई आवश्यक पर्ने कापी कलम, झोला लगायतका सामग्री किन्न समेत पुग्दैन । त्यसैले छात्रवृत्ति वितरण गर्दा नै अभिभावकहरूलाई सो वारेमा सचेत गराउन सकिएमा छात्रवृत्तिको उद्देश्य अनुसार रकमलाई तोकिएको काममा लगाउन सहयोग पुग्छ ।

सीमान्तकृत छात्रवृत्ति वापत अहिले रु ६०० र रु १७०० प्रदान गरिदै आएको छ । धेरै रकम प्राप्त गर्ने विद्यार्थीका अभिभावकहरूले त सो रकम ठीकै भएको वताए तर सो रकम प्रति १० जना सीमान्तकृत समुदायका बालबालिकाहरू मध्ये एक जनाका दरले प्रदान गरिने भएकाले सो रकम निकै कम विद्यार्थीहरूले मात्र प्राप्त गर्दछन् । त्यसैले अधिकांश

विद्यार्थीहरूले रु ६०० मात्र प्राप्त गर्नेगर्दछन् । सो रकमले विद्यार्थीहरूका लागि आवश्यक शैक्षिक सामग्रीहरू खरिद गर्न पुग्दैन । त्यसैले अहिले प्रदान गरिदै आएको छात्रवृत्ति वापतको रकममा वृद्धि गर्नुपर्ने अधिकांश अभिभावक, शिक्षक तथा प्र.अ.हरूको धारणा रहेको पाइयो । सो रकममा कति वृद्धिगर्नु आवश्यक छ भनी प्रश्न गर्दा अधिकांशले कम्तिमा पनि १००० रुपैया हुनुपर्ने धारणा व्यक्त गरेभने केहिले कम्तिमा पनि दोव्वर हुनुपर्ने वताए । अधिकांश अभिभावकहरू विद्यालयमा आएर अहिले प्रदान गरिदै आएको रकममा वृद्धिगर्नुपऱ्यो भन्दै प्र.अ.लाई गुनासो पोख्ने गरेको जानकारी पाइयो ।

सीमान्तकृत समुदायका केहि अभिभावकहरूले आफ्ना बालबालिकाहरूलाई एक भन्दा वढि विद्यालयहरूमा भर्ना गर्ने गरेको पाइयो । यसरी वढि विद्यालयमा भर्ना गर्दा सवै विद्यालयवाट छात्रवृत्ति वापतको रकम प्राप्त हुने र सो रकम घरायसी कामकाजमा खर्चगर्न पाइने अपेक्षाका साथ त्यसो गरिएको पाइयो । त्यस्तो प्रक्रिया नियम विपरित हुनुका साथै छात्रवृत्तिको दुरुपयोग समेत भएकाले यस्तो कार्यलाई रोक्नु पर्दछ । यसका लागि नजिक रहेका विद्यालयहरूले सीमान्तकृत समुदायका विद्यार्थीहरूको विवरण जुधाएर एक भन्दा वढि विद्यालयमा एउटै व्यक्तिको नाम भेटिएमा सो नामावलीलाई संशोधन गरेर मात्र छात्रवृत्ति वितरण गर्नु पर्दछ ।

सीमान्तकृत समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गरिसकेपछि सो रकम निर्धारित काममा प्रयोग भएनभएको, विद्यालयहरूले निर्धारित समयमा सो रकम वाँडफाड गरेनगरेका वारेमा सम्वन्धित निकायहरूले निरिक्षण तथा अनुगमन नगरेको पाइयो । यसरी अनुगमन गर्ने कार्य नहुदा केहि विद्यालयले शैक्षिक सत्रको मध्य तिर मात्र सो छात्रवृत्ति प्रदान गर्ने गरेको पाइयो । यस्तो कार्यलाई निरुत्साहन गर्न नियमित रुपमा निरिक्षण तथा अनुगमन गर्ने व्यवस्था गर्न सकेमा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुनजान्छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

यस परिच्छेदमा अघिल्लो परिच्छेदमा गरिएको नतिजाको विश्लेषणबाट प्राप्तभएका प्रमुख प्राप्तिहरूलाई समावेश गरिएको छ । साथै नतिजाको विश्लेषणवाट प्राप्त जानकारीका आधारमा निष्कर्ष निकालिएको छ । अध्ययनका क्रममा प्राथमिक र सहायक स्रोतबाट प्राप्त तथ्याङ्कको आधारमा नतिजाको विश्लेषणबाट प्राप्त निष्कर्ष र प्राप्तिका आधारमा आवश्यक सुझाव समेत प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

नमुना छनौटमा परेका सवै विद्यालयहरूमा भर्ना भएका सीमान्तकृत समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति वितरण गर्ने गरिएको पाइयो । यस क्षेत्रमा सतार, माफी र मुसहर समुदायका  सीमान्तकृत जातिहरू रहेको पाइयो । केहि वर्ष अगाडिसम्म यस समूदायका अधिकांश बालबालिकाहरू विद्यालयमा अध्ययन गर्न जादैन थिए । गएकाहरू पनि नियमित रुपमा विद्यालय नजाने कक्षा दोहोऱ्याउने, कक्षा छोड्ने अनुत्तिर्णहुने दर वढिनै रहेको पाइयो । वर्तमानमा भने सीमान्तकृत जातिका बालबालिकाहरूको विद्यालयमा भर्नाहुने दर वढ्दै गइरहेको पाइयो । अधिकांश अभिभावकहरू नै छात्रवृत्ति वापतको रकम लिन विद्यालय आउने गरेका र अभिभावकहरू उपस्थित नभएमा सम्वन्धित विद्यार्थीलाई नै उक्त रकम प्रदान गर्ने गरिएको पाइयो । विगत वर्षहरूमा छात्रवृत्ति वापतको ६०० रुपैयाँ सीमान्तकृत समूदायका विद्यार्थीहरूलाई प्रदान गरिदै आएकोमा शैक्षिक सत्र २०६८ देखि सो प्रावधानमा केहि परिवर्तन गरी प्रति १० जना सीमान्तकृत विद्यार्थीहरूमध्ये एक जनालाई छात्रवृत्ति वापत रु १७०० प्रदान गरिएको पाइयो ।

सीमान्तकृत बालबालिकाहरूको वितरण पनि असमान रहेको पाइयो । विद्यालयमा भर्ना भएका मध्ये औषतमा १९ प्रतिशत विद्यार्थीहरू सीमान्तकृत समुदायका रहेको पाइयो । विद्यालयहरूमा  सीमान्तकृत समुदायका १३ देखि २५ प्रतिशतसम्म विद्याथीहरू रहेको पाइयो । ती विद्यार्थीहरूलाइ छात्रवृत्ति वापत प्रदान गरिएको रकमले कापी कलम फोला लगायतका शैक्षिक सामग्रीहरू नै  खरिद गरिएको अवस्था पाइयो । केहि अभिभावकहरूले चाहिँ बालबालिकाहरूका लागि लुगा लगायतका अन्य सामग्रीहरूपनि खरिद गरेको पाइयो । अधिकांश उत्तरदाताहरूले अहिले वितरण गरिदै आएको ६०० रुपैया छात्रवृत्तिको नाममा फारा टार्ने काम मात्र भएको र सो रकम अपर्याप्त भएको गुनासो गरेको पाइयो ।

नमुना छनौटमा परेका सवै विद्यालयहरूको प्राथमिक तहका सीमान्तकृत र गैर सीमान्तकृत विद्यार्थीहरूको शैक्षिक उपलव्धिको तुलना गर्दा सीमान्तकृत विद्यार्थीहरूको शैक्षिक उपलव्धि कम पाइयो । तर विगत वर्षहरूमा भन्दा अहिले सो उपलव्धिमा वृद्धि भइरहेको पाइयो । सीमान्तकृत छात्रवृत्ति प्राप्त गर्नु अघि र प्राप्त गर्न थालेपश्चातको शैक्षिक उपलव्धिमा भने निकै सुधार आएको. पाइयो । शैक्षिक सत्र २०६३ र २०६४ मा प्राथमिक तहको कक्षा ४ र ५ का बालबालिकाहरूको कक्षागत सिकाइ उपलव्धि ३८ देखि ४३ अङ्कसम्म पाइयो भने

शैक्षिक सत्र २०६६ र २०६७ मा सोहि कक्षाको औषत कक्षागत सिकाइ उपलब्धि ४२ देखि ६१ अङ्कसम्म रहेको पाइयो ।

अघिल्लो शैक्षिक सत्रको तुलनामा शैक्षिक सत्र २०६७ मा संख्यात्मक रुपमा सीमान्तकृत विद्यार्थीहरूको विद्यालय छोड्ने संख्यामा केहि कम देखिएता पनि प्रतिशतका आधारमा केहि वढि रहेको छ । समग्रमा सीमान्तकृत समूदायका बालबालिकाहरूको कक्षा छोड्ने दर मिश्रित प्रकारको पाइयो । कुनै विद्यालयमा ० प्रतिशत रहेको र कुनैमा २१ प्रतिशत सम्म रहेको पाइयो । त्यसैगरी विद्यालयमा उपस्थित दर पनि सीमान्तकृत विद्यार्थीहरूको अन्यको तुलनामा वढि रहेको पाइयो ।

सीमान्तकृत छात्रवृत्ति प्राप्तगर्ने विद्यार्थीहरूमा प्रसस्तै सकारात्मक परिवर्तनहरू देखापरेका पाइयो । छात्रवृत्ति प्राप्त गर्नथालेपछि बालबालिकाहरूको आचरण तथा व्यवहारमा सकारात्मक परिवर्तन आएको जानकारी पाइयो । त्यसैगरी विद्यार्थीहरूको मनोवलमा वृद्धि हुनुका साथै अनुसासित तथा सफासुग्घर भएर विद्यालय आउने गरेको जानकारी पाइयो । यस समुदायका बालबालिकाहरूको शैक्षिक उपलब्धिमा पनि विगत वर्षहरूमा क्रमश सुधार आउदै गरेको अवस्था पाइयो ।

सीमान्तकृत छात्रवृत्ति वितरण तथा कार्यान्वयनमा केहि समस्याहरू देखापरेको पाइयो । केहि विद्यालयहरूले शैक्षिक सत्रको मध्यतिर मात्र सीमान्तकृत छात्रवृत्ति वितरण गरेको पाइयो । त्यसैगरी वितरण गरिएको छात्रवृत्ति केहि मात्रामा भने उद्देश्य अनुसार खर्च नभएको पाइयो । अधिकांशले सो रकमको सदुपयोग गरेको जानकारी पाइयो । केहि अभिभावकहरूले दोहोरो छात्रवृत्ति लिनका लागि बालबालिकाहरूलाई एकभन्दा वढि विद्यालयमा भर्ना गरेको पाइयो । जातिगत आधारमा छात्रवृत्ति वितरण गर्दा स्वत छात्रवृत्ति नपाउने गरिव परिवारका बालबालिकाहरूमा मनोवैज्ञानिक असर परेको पाइयो । छात्रवृत्ति वापतको रकम कम भएकाले आवश्यक शैक्षिक सामग्रीहरू खरिदगर्न पनि नपुग्ने गरेको जानकारी पाइयो । छात्रवृत्ति रकम उपयुक्त समयमा वितरण गरे नगरेको, सो रकमको उद्देश्य अनुसार खर्च भए नभएको, सम्वन्धित व्यक्तिले पाए नपाएको वारेमा निरिक्षण तथा अनुगमन गर्ने गरेको पाइएन ।

सीमान्तकृत छात्रवृत्ति कार्यक्रममा देखिएका समस्या समाधानका उपायहरूका वारेमा उत्तरदाताहरूवाट प्राप्त प्रतिक्रियाहरूमा शैक्षिक सत्रको शुरुमा नै छात्रवृत्ति वितरण गर्नुपर्ने

त्यसोगरिएमा छात्रवृत्तिको उद्देश्यअनुसारको काम हुने, छात्रवृत्ति वापत प्राप्तहुने रकम बालबालिकाको पठनपाठनसँग सम्वन्धित सामग्री खरिदगर्न मात्र खर्च गरिनुपर्ने जस्ता पाइए । हाल प्रदान गरिदै आएको छात्रवृत्ति वापतको रकमलाई कम्तिमा पनि दोव्वर वनाउनु पर्ने, दोहोरो भर्ना प्रक्रियाको अन्त्य गर्नका लागि नजिकका विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको विवरण दँजाएरमात्र छात्रवृत्ति प्रदाग गर्नसकेमा रकम दुरुपयोगलाई रोक्न सकिन्छ । यसका अतिरिक्त नियमित रुपमा अनुगमन तथा निरीक्षण गर्नसकेमा कार्यक्रम प्रभावकारी हुने जानकारी पाइयो ।

## ५.२ निष्कर्ष

सीमान्तकृत समुदायका विद्यार्थीहरूलाई नियमित रुपमा छात्रवृत्ति प्रदान गर्न थालिएको तीन वर्ष भयो । यस अवधिमा सीमान्तकृत जातिका वालवालिकहरूको विद्यालयमा भर्नाहुने दर निकै वढेको पाइएकाले यो छात्रवृत्तिले विद्यार्थी भर्नामा सकारात्मक प्रभाव पारेको छ । त्यस्तै छात्रवृत्ति प्राप्त गर्नु भन्दा पहिले र पछिको कक्षागत सिकाइ उपलव्धिमा पनि धेरै सुधारआएको, विद्यालय छोड्ने दरमा कमी आउनुका साथै विद्यालयमा उपस्थित हुने दरमा पनि वृद्धि भएकाले यो कार्यक्रमलाई निरन्तर दिनुपर्ने हुन्छ ।

आर्थिक रुपमा विपन्न भएकै कारण विद्यालयमा भर्नाहुन नसकिरहेका बालबालिकाहरूलाई यो छात्रवृत्ति शिक्षा प्राप्त गर्नका लागि प्रभावकारी साधन भएको छ । छात्रवृत्ति वितरण गर्नु पूर्व र पछिको सिकाइ उपलव्धिको तुलनात्मक अध्ययनवाट यसले बालबालिकाहरूको अध्ययन कार्यमा उत्साह र उत्प्रेरणा थपेको छ ।

छात्रवृत्ति वापतको रकम न्यून भएको गुनासो आउनुका साथै सवै कक्षाहरूमा समान रुपमा छात्रवृत्ति वापतको रकम प्रदान गरिने गरिएकाले सो रकम तहनै पिच्छे वढाउनु पर्ने हुन्छ । यसका साथै वढ्दो महङ्गीलाई ध्यानमा राखी आवश्यकता अनुसार वृद्धि गर्नु अति आवश्यक हुन्छ । छात्रवृत्ति वितरण गरिसकेपछि पनि नियमित रुपमा निरीक्षण तथा अनुगमन गर्ने कार्यमा ध्यान दिनु जरुरी छ । वितरित रकम कुन काममा खर्च गरिएको छ । समयमा रकम वितरण गरिएको छ छैन, कार्यक्रमा के कस्ता समस्या तथा चुनौतिहरू आइरहेका छन् भन्ने वारेमा जानकारी लिएर सम्वन्धित निकायले त्यसैका आधारमा कार्यक्रमा सुधार गर्नु आवश्यक छ ।

समग्रमा सीमान्तकृत छात्रवृत्ति कार्यक्रमले यस समुदायका बालबालिकाहरूको अध्ययन कार्यमा सहयोग पुर्‍याएको छ । बालबालिकाहरूलाई आफ्नो अध्ययन कार्यमा लगनशील र मेहनतका साथ लाग्नका निम्ति उत्साह तथा उत्प्रेरणा पदान गरेको, विद्यालय उपस्थितिमा वृद्धि भएको वीचैमा कक्षा छोड्ने दरमा कमी आएको कक्षा दोहोर्‍याउने दर न्यून मात्र रहेको जस्ता कुराहरूले सीमान्तकृत छात्रवृत्ति कार्यक्रमले सिकाइ उपलब्धिमा सुधार आइरहेको निष्कर्ष निकालिएको छ ।

## ५.३ सुझावहरू

यस अध्ययनवाट प्राप्त जानकारी, नतिजा विश्लेषण तथा निष्कर्षको आधारमा देखा परेका समस्याहरको समाधान गरी भविश्यमा अझ प्रभावकारी रुपमा कार्यक्रम सञ्चालनका लागि निम्नानुसारका सुझावहरू प्रस्तुत गरिएको छ

शैक्षिक सत्रको शुरुमा नै छात्रवृत्ति वितरण गर्दा समयमा नै विद्यार्थीहरूका लागि आवश्यक शैक्षिक सामग्री जुटाइ वेलैदेखि बालबालिकाहरू विद्यालय जाने साथै छात्रवृत्ति पाइहाल्ने आशामा विद्यालय उमेरका सवै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्ने भएकाले सो छात्रवृत्ति शैक्षिक सत्रको शुरुमा नै वितरण गर्नुपर्छ । कक्षा वढ्दै जादा शैक्षिक सामग्रीमा लाग्ने खर्च पनि वढ्दै जाने भएकाले सवै कक्षाहरूमा समान नगरी कक्षा अनुसार छात्रवृत्ति रकममा पनि वृद्धिगर्नु पर्छ । छात्रवृत्तिको रकम अन्य काममा खर्चहुने अवस्थालाई रोक्न विद्यार्थीको आवश्यकतालाई वुझेर विद्यालयले नै सामग्री खरिद गरि वितरण गर्न सकिन्छ ।

छात्रवृत्ति वापतको रकमले आवश्यक शैक्षिक सामग्रीहरू खरिदगर्न नपुग्ने भएकाले सो रकममा वृद्धिगर्नु पर्दछ । सो रकम कम्तिमा पनि रु १००० वनाउनुपर्छ । यस समुदायका बालबालिकाहरूलाई थप उत्प्रेरणा प्रदान गर्न सीमान्तकृत समुदायका विद्यार्थीहरू मध्ये वर्ष भरिमा सवै भन्दा वढि विद्यालयमा हाजिर हने, सर्वोत्कृष्ट अङ्क ल्याउने बालबालिकाहरूलाई पुरस्कारको व्यवस्था गर्न सकेमा सिकाइ उपलब्धिमा थप वृद्धि हुने अवस्था आउँछ । कार्यक्रमलाई अझ प्रभावकारी वनाउन नियमित रुपमा निरिक्षण तथा अनुगमन गर्ने व्यवस्था नीतिगत रुपमा नै गरिनुपर्छ ।

# सन्दर्भ सामग्री


कार्की, भक्तवहादुर (२०६५), *पृथ्वीनगर श्रोत केन्द्र झापाको प्राथमिक तहमा खुद भर्नादरमा ५०% छात्रा छात्रवृत्तिले पारेको प्रभाव :एक अध्ययन*, अप्रकाशित शोधपत्र, काठमाडौ : त्रि. वि. महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

जोशी, जगदीशचन्द्र (२०६५), *प्राथमिक तहमा छात्रवृत्ति वितरण कार्यक्रमको प्रभावकारिता,* अप्रकाशित शोधपत्र, काठमाडौं ।

दुलाल, पुण्यप्रसाद ( २०६७), *दलित छात्रवृत्ति वितरणवाट गैह्र दलित विद्यार्थीको सिकाइ उपलव्धिमा पारेको प्रभाव,* अप्रकाशित शोधपत्र, मोरङ्ग : सुकुना वहुमुखी क्याम्पस, शिक्षा योजना तथा व्यवस्थापन विभाग ।

नेपाल, जनार्दन (२०६५) *सवैका लागि शिक्षाको उद्धेश्य प्राप्तिका लागि शिक्षा सुनिश्चितता कार्ययोजना* शिक्षा विभागवाट बार्षिक शैक्षिक प्रकाशन वर्ष ९, अङ्क ९ ।

*नेपाली शब्दकोष* (२०५६), नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान काठमाडौं ।

पाण्डे, राजेन्द्रप्रसाद (२०६३), *वाग्लुङ्ग जिल्लामा प्राथमिक तहको छात्रवृत्तिले विद्यार्थीको नियमितता र उपलव्धिमा पारेको असर,* अप्रकाशित शोधपत्र, काठमाडौं : त्रिभुवन विश्व विद्यालय, शिक्षा योजना तथा व्यवस्थापन विभाग ।

पौडेल, वावुराम (२०६६) *सन्दर्भ श्रृङ्खलाहरुभित्रको OLPC सन्दर्भ,* शैक्षिक सूचना संगालो (२०६६) भक्तपुर : शिक्षा विभाग ।

वस्नेत, महेन्द्रवहादुर (२०६७), *प्राथमिक विद्यालयमा दलित छात्रा छात्रवृत्तिको प्रभावकारिता,* अप्रकाशित शोधपत्र, काठमाडौं : त्रिभुवन विश्व विद्यालय शिक्षा योजना तथा व्यवस्थापन विभाग ।

रावत, वमवहादुर (२०६३), *दैलेख जिल्लाको नारायण श्रोतकेन्द्रमा विद्यालय तहमा वितरित दलित छात्रवृत्तिको प्रभावकारिता एक अध्ययन,* अप्रकाशित शोधपत्र सुर्खेत : त्रि. वि. सुर्खेत क्याम्पस, ।

वस्ती, हरिप्रसाद (२०६६), *प्राथमिक शिक्षामा छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता,* अप्रकाशित शोधपत्र, मोरङ्ग : त्रि. वि. वि. सुकुना वहुमुखी क्याम्पस, ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६४) शिक्षा योजना, काठमाडौं : एम.के. पव्लिशर्स एण्ड डिष्ट्रिव्यूटर्स, ।

शिक्षा विभाग (२०६५), *कार्यक्रम कार्यान्वयन पुस्तिका,* भक्तपुर : लेखक ।

शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ (संसोधन सहति) नेपाल सरकार, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानुन किताव व्यवस्था समिति, काठमाडौ ।

सवैका लागि शिक्षा (२००४-२००९) *मुख्य दस्तावेज,* शिक्षा तथा खेलकुद मन्त्रालय, केशरमहल, काठमाडौं ।

Best, J.W. & Kahn, J.V. (2008).*Research in Education* (10th ed.). Delhi: Prentice Hall of India.

Koul, L. (1997). *Methodology of Educational Research(3rd ed.).* New Delhi: Vikash Publication House.

# सीमान्तकृत छात्रवृत्तिले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची १

## नमुनाको आकार

| विद्यालय | प्र.अ. | शिक्षक | विद्यार्थी | अभिभावक | स्रोतव्यक्ति |
|---|---|---|---|---|---|
| कमला मदनआश्रित उ.मा.वि. तोपगाछी | १ | २ | ३ | ३ | १ |
| कञ्चनजंघा नि.मा.वि. तोपगाछी | १ | २ | ३ | ३ | |
| मोती उ.मा.वि. धरमपुर | १ | २ | ३ | ३ | |
| लक्ष्मी नारायण उ.मा.वि. धरमपुर | १ | २ | ३ | ३ | |
| सिद्धदेवी प्रा.वि. लखनपुर | १ | २ | ३ | ३ | |
| मङ्गलमय उ.मा.वि. लखनपुर | १ | २ | ३ | ३ | |
| जम्मा | ६ | १२ | १८ | १८ | १ |

## सीमान्तकृत छात्रवृत्तिले सिकाइ उपलब्धिमा पारेको प्रभाव

### अनुसूची - २
### विद्यालय सर्वेक्षण फारम

विद्यालयको नाम :

प्र. अ. को नाम :

क) शैक्षिक सत्र -२०६६

| कक्षा | जम्मा सीमान्तकृत विद्यार्थी | | | परीक्षामा सम्मिलित | | | परीक्षामा उत्तीर्ण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

ख) शैक्षिक सत्र -२०६७

| कक्षा | जम्मा सीमान्तकृत विद्यार्थी | | | परीक्षामा सम्मिलित | | | परीक्षामा उत्तीर्ण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

सीमान्तकृत छात्रवृत्तिले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची- ३

### शिक्षकका लागि अन्तर्वार्ता सूचि

शिक्षकको नाम :

विद्यालय :

१) तपाँइको विद्यालयको सेवाक्षेत्र भित्र सीमान्तकृत वर्गको वस्ती छ ?

क) छ ☐ ख) छैन ☐

२) सीमान्तकृत वर्गका वालवालिकाहरु विद्यालयमा भर्ना भएको पाउनु भएको छ ?

क) पाएको छु ☐ ख) पाएको छैन ☐

ग) केही ☐

३) तँपाइको विद्यालयमा सीमान्तकृत छात्रवृत्तिको लागि विद्यार्थीहरु कसरी छान्नुहुन्छ ?

क) बैठक गरेर ☐ ख) अभिभावक सभा गरेर ☐

ग) शिक्षकले छानेर ☐

४) छात्रवृत्ति वितरण गर्दा कसलाई दिनुभयो ?

क) विद्यार्थीलाई ☐ ख) अभिभावकलाई ☐

ग) अन्य ☐

५) विद्यार्थीलाई वितरित सीमान्तकृत छात्रवृत्ति कोटा पर्याप्त छ ?

क) छ ☐ ख) छैन ☐

ग) अन्य ☐

६) सीमान्तकृत छात्रवृत्तिको सम्वन्धमा तपाइँको धारणा के छ ?

क) छात्रवृत्ति रकम न्यून छ ☐ ख) ठीकै छ ☐

ग) विभेदपूर्ण छ ☐

७) छात्रवृत्ति वितरण पछि विद्यार्थीको कुन पक्षमा सुधार आएको छ ?

क) नियमितता ☐ ख) पोशाक ☐

ग) सिकाइ ☐

८) छात्रवृत्ति प्रदान गरेपछि विद्यार्थी गृहकार्यमा सुधार आएको छ ?

क) छ ☐ ख) छैन ☐

ग) केही ☐

९) छात्रवृत्ति प्रदान पश्चात विद्यार्थीको कक्षा सहभागितामा सूधार आएको छ ?

क) छ ☐ ख) छैन ☐

ग) केही ☐

१०) छात्रवृत्ति प्रदान पश्चात सिकाइ उपलब्धिमा सूधार आएको छ ?

क) छ ☐ ख) छैन ☐

ग) केही ☐

११) सीमान्तकृत छात्रवृत्ति वितरणमा कस्ता समस्याहरु आउने गरेका छन् ?

१२) छात्रवृत्ति वितरणमा आइपरेका समस्या तथा चुनौतिहरुलाई समाधान गर्न के गर्नुपर्छ ?

१३) सीमान्तकृत छात्रवृत्ति वितरण कार्यलाई अझ प्रभावकारी वनाउन के गर्नु आवश्यक छ ?

१४) विद्यार्थीको शैक्षिक उपलब्धिमा कुन-कुन कुराले प्रभाव पार्दछ ।

# सीमान्तकृत छात्रवृत्तिले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची- ४

## प्रधानाध्यापकका लागि प्रश्नावली

प्रधानाध्यापकको नाम :

विद्यालयको नाम :

१) सीमान्त वर्गका वालवालिकाहरुलाई विद्यालय शिक्षामा आकर्षित गर्न के गर्नु आवश्यक छ ?

क) पर्याप्त छात्रवृत्तिको व्यवस्था □ ख) पुरस्कारको व्यवस्था □

ग) खाजाको व्यवस्था □

२) तपाइँको विद्यालयमा सीमान्तकृत छात्रवृत्ति छनौट गर्दा कस्तो प्रकृया अपनाउनु हुन्छ ?

क) विद्यालय व्यवस्थापन समितिको वैठकको निर्णयवाट □

ख) शिक्षक अभिभावक संघको वैठकको निर्णयवाट □

ख) शिक्षक कर्मचारीको वैठकबाट □

३) छात्रवृत्ति पाउने विद्यार्थी छनौटका आधारहरु के के अपनाउनु भएको छ ?

क) अभिभावकको विपन्नताको स्तर हेरेर □

ख) गरिबी र जेहेन्दार हेरेर □

ग) शिक्षक, प्र. अ. को स्वविवेकवाट □

४) तपाइँको विद्यालयमा सीमान्तकृत छात्रवृत्ति कसरी वितरण गरिदै आएको छ ?

क) आम अभिभावक वोलाएर □

ख) छात्रवृत्ति पाउनेका मात्र अभिभावक वोलाएर □

ग) छात्रवृत्ति वितरण कार्यक्रमको आयोजना गरेर □

५) छात्रवृत्ति के का रुपमा वितरण गर्नुहुन्छ ?

क) नगद □ ख) पोशाक □

ग) स्टेशनरी □ घ) पोशाक र स्टेशनरी दुवै □

६) विद्यालयले छात्रवृत्ति वितरण कहिले कहिले गर्दछ ?

क) शैक्षिक सत्रको शुरुमा ☐

ख) शैक्षिक सत्रको अन्त्यमा ☐

ग) शैक्षिक सत्रको वीचमा ☐

७) छात्रवृत्ति रकम कसले थाप्दछन् ?

क) विद्यार्थीले ☐ ख) अभिभावकले ☐

ग) विद्यार्थीको उपस्थितीमा अभिभावकले ☐ घ) परिवारको जो कोही सदस्यले ☐

८) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको ज्ञान, सीप, अिभवृत्ति व्यवहार, सफाइमा के कस्तो परिवर्तन पाउनुभएको छ ?

क) आसातीत परिवर्तन भएको छ ☐

ख) नगन्य परिवर्तन आएको छ ☐

ग) खासै परिवर्तन आएको छैन ☐

घ) सुधारोन्मुख छ ☐

९) के छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नियमितता, कक्षोतीर्ण, सिकाइ उपलब्धिमा परिवर्तन पाउनुभएको छ ?

क) छ ☐ ख) छैन ☐

ग) केही वा अन्य ☐

१०) यस छात्रवृत्ति कार्यक्रमले विद्यार्थीको सिकाइ उपलब्धिमा कस्तो प्रभाव पार्दछ ?

क) सकरात्मक ☐ ख) नकरात्मक ☐

ग) केही प्रभाव पार्दैन ☐

११) सीमान्तकृत छात्रवृत्ति वितरणमा कस्ता समस्याहरु आउने गरेका छन् ?

१२ विद्यार्थीको शैक्षिक उपलव्धिमा कुन-कुन कुराले प्रभाव पार्दछ ।

१३) छात्रवृत्ति वितरणमा आइपरेका समस्या तथा चुनौतिहरुलाई समाधान गर्न के गर्नुपर्छ ?

१४) सीमान्तकृत छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुका कुन-कुन कुरामा सकारात्मक प्रभावपरेको पाइएको छ ?

१५) सीमान्तकृत छात्रवृत्ति वितरण कार्यलाई अझ प्रभावकारी वनाउन के गर्नु आवश्यक छ ?

# अनुसूची ५

## अभिभावक तथा विद्यार्थीका लागि छलफल निर्देशिका

१ छात्रवृत्ति वितरण प्रक्रिया

२ छात्रवृत्ति रकम उपयोग गरिएका क्षेत्रहरु

३ छात्रवृत्ति रकमको पर्याप्तता

४ छात्रवृत्तिले अध्ययन कार्यमा पु¥याएको सहयोग

५ सीमान्तकृत छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुमा देखापरेका परिवर्तनहरु

६ सीमान्तकृत छात्रवृत्ति कार्यक्रमका समस्याहरु

७ छात्रवृत्तिले पारेको प्रभाव

## अनुसूची ६

## अध्ययनको नमुना र नमुना छनोट विधि

| क.सं | विवरण | नमुना | नमूना छनौट विधि |
|---|---|---|---|
| १ | स्रोतकेन्द्र र स्रोत व्यक्ति | १ | उद्देश्यमूलक नमुना छनोट विधि |
| २ | विद्यालय | ६ | सामान्य संभावनायुक्त विधि |
| ३ | प्रधानाध्यापक | ६ | उद्देश्यमूलक नमुना छनोट विधि |
| ४ | शिक्षक | १२ | सामान्य संभावनायुक्त विधि |
| ५ | विद्यार्थी | १८ | उद्देश्यमूलक नमुना छनोट विधि |
| ६ | अभिभावक | १८ | उद्देश्यमूलक नमुना छनोट विधि |

# अनुसूची- ७

## नमुना छनौटमा परेकाहरुको नामावली

| क.स. | नामावली | पद | शैक्षिक योग्यता | ठेगाना |
|---|---|---|---|---|
| १ | मातृकाप्रसाद नेपाल | प्र.अ. | वि.कम्., वि.एड. | कञ्चनजंघा नि. मा.वि. |
| २ | फडेन्द्र सुवेदी | स.प्र.अ. | आइ.एड. | कमला मदन आश्रित उ. मा. वि. |
| ३ | खगेन्द्रप्रसाद अधिकारी | प्र.अ. | वि. एड. | मोती उ. मा.वि |
| ४ | कृष्ण तिम्सिना | प्र.अ. | वि. एड. | लक्ष्मीनारायण उ. मा. वि. |
| ५ | खगेन्द्रप्रसाद भट्टराई | प्र.अ. | वि.एड. | सिद्धदेवी प्रा. वि. |
| ६ | ओमप्रसाद खनाल | प्र. अ. | वि.एड. | मंगलमय उ. मा. वि. |
| ७ | राजेन्द्र विश्वकर्मा | शिक्षक | एस.एल.सी. | कञ्चनजंघा नि. मा.वि. |
| ८ | कविता मावो | शिक्षक | + २ | कञ्चनजंघा नि. मा.वि. |
| ९ | यामनारायण प्रधान | शिक्षक | वि.एड. | कमला मदन आश्रित उ. मा. वि. |
| १० | डिल्लीराम अधिकारी | शिक्षक | एस.एल.सी. | कमला मदन आश्रित उ. मा. वि. |
| ११ | खेमनाथ सिग्देल | शिक्षक | वि. एड. | मोती उ. मा.वि |
| १२ | रुद्रप्रसाद गुरगाइँ | शिक्षक | एम.एड. | मोती उ. मा.वि |
| १३ | लक्ष्मण मर्डी | शिक्षक | आइ.एड. | लक्ष्मीनारायण उ. मा. वि. |
| १४ | माधवप्रसाद भण्डारी | शिक्षक | वि.एड. | लक्ष्मीनारायण उ. मा. वि. |
| १५ | लिलाप्रसाद भट्टराई | शिक्षक | वि.एड. | सिद्धदेवी प्रा. वि. |
| १६ | चन्द्रकला राई | शिक्षक | एस. एल. सी | सिद्धदेवी प्रा. वि. |

| | | | | |
|---|---|---|---|---|
| १७ | गोविन्दप्रसाद आर्चाय | शिक्षक | वि.एड. | मंगलमय उ. मा. वि. |
| १८ | धर्मराज थापा | शिक्षक | एस. एल. सी | मंगलमय उ. मा. वि. |
| १९ | लक्षु मुर्मु | विद्यार्थी | कक्षा २ | कञ्चनजंघा नि. मा.वि. |
| २० | रेखा हेमरम | विद्यार्थी | कक्षा ३ | कञ्चनजंघा नि. मा.वि. |
| २१ | देवी माझी | विद्यार्थी | कक्षा ४ | कञ्चनजंघा नि. मा.वि. |
| २२ | झुमी सोरेन | विद्यार्थी | कक्षा ५ | कमला मदन आश्रित उ. मा. वि. |
| २३ | उषा हेमरम | विद्यार्थी | कक्षा ४ | कमला मदन आश्रित उ. मा. वि. |
| २४ | अशोक माझी | विद्यार्थी | कक्षा ४ | कमला मदन आश्रित उ. मा. वि. |
| २५ | गोमा माझी | विद्यार्थी | कक्षा ३ | मोती उ. मा.वि |
| २६ | सुनिराम हस्दा | विद्यार्थी | कक्षा ५ | मोती उ. मा.वि |
| २७ | सरु हेमरम | विद्यार्थी | कक्षा ४ | मोती उ. मा.वि |
| २८ | सोमाइ हेमरम | विद्यार्थी | कक्षा ३ | लक्ष्मीनारायण उ. मा. वि. |
| २९ | शोभा मुसहर | विद्यार्थी | कक्षा ३ | लक्ष्मीनारायण उ. मा. वि. |
| ३० | अशेष मुसहर | विद्यार्थी | कक्षा ५ | लक्ष्मीनारायण उ. मा. वि. |
| ३१ | सुनिता मुर्मु | विद्यार्थी | कक्षा ४ | सिद्धदेवी प्रा. वि. |
| ३२ | सुवास हस्दा | विद्यार्थी | कक्षा ३ | सिद्धदेवी प्रा. वि. |
| ३३ | सलामि किस्कु सतार | विद्यार्थी | कक्षा ३ | सिद्धदेवी प्रा. वि. |
| ३४ | श्यामलाल टुडु | विद्यार्थी | कक्षा २ | मंगलमय उ. मा. वि. |
| ३५ | राजकुमार मुर्मु | विद्यार्थी | कक्षा ३ | मंगलमय उ. मा. वि. |
| ३६ | लक्ष्मी हस्दा | विद्यार्थी | कक्षा ४ | मंगलमय उ. मा. वि. |

| | | | | |
|---|---|---|---|---|
| ३७ | जुना मुर्मु | अभिभावक | निरक्षर | कञ्चनजंघा नि. मा.वि. |
| ३८ | दुलड हेमरम | अभिभावक | निरक्षर | कञ्चनजंघा नि. मा.वि. |
| ३९ | कुमारी माझी | अभिभावक | साक्षर | कञ्चनजंघा नि. मा.वि. |
| ४० | फुलमाया सोरेन | अभिभावक | ५ पास | कमला मदन आश्रित उ. मा. वि. |
| ४१ | मंगल हेमरम | अभिभावक | निरक्षर | कमला मदन आश्रित उ. मा. वि. |
| ४२ | ज्ञानवहादुर माझी | अभिभावक | साक्षर | कमला मदन आश्रित उ. मा. वि. |
| ४३ | जितवहादुर माझी | अभिभावक | एस. एल. सी | मोती उ. मा.वि |
| ४४ | वुदराई हस्दा | अभिभावक | ५ पास | मोती उ. मा.वि |
| ४५ | ललु हेमरम | अभिभावक | निरक्षर | मोती उ. मा.वि |
| ४६ | वहामई हेमरम | अभिभावक | कक्षा १० | लक्ष्मीनारायण उ. मा. वि. |
| ४७ | वासु मुसहर | अभिभावक | कक्षा १० | लक्ष्मीनारायण उ. मा. वि. |
| ४८ | फुलमान मुसहर | अभिभावक | कक्षा ९ | लक्ष्मीनारायण उ. मा. वि. |
| ४९ | दुर्गा मुर्मु | अभिभावक | साक्षर | सिद्धदेवी प्रा. वि. |
| ५० | लक्सा हस्दा | अभिभावक | साक्षर | सिद्धदेवी प्रा. वि. |
| ५१ | वासु किस्कु सतार | अभिभावक | साक्षर | सिद्धदेवी प्रा. वि. |
| ५२ | चुण्डा टुडु | अभिभावक | एस. एल. सी | मंगलमय उ. मा. वि. |
| ५३ | असोक मुर्मु | अभिभावक | साक्षर | मंगलमय उ. मा. वि. |
| ५४ | वानम हस्दा | अभिभावक | निरक्षर | मंगलमय उ. मा. वि. |
| ५५ | सुर्यप्रसाद सापकोटा | श्रोतव्यक्ति | एम. एड. | तोपगाछी श्रोत केन्द्र |